# वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू संरक्षण विभाग

**जलवायु उत्थानशील भू परिधी तथा जीविकोपार्जन आयोजना**

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

## विषयसुची


परिच्छेद १. जलवायु उत्थानशील भू-परिधि तथा जीविकोपार्जन आयोजना Climate Resilient Landscapes and Livelihoods Project (CRLLP) ........ १

१.१ आयोजनाको परिचय ........ १

१.२ आयोजनाको कार्य क्षेत्र ........ २

१.३ कार्यविधिको उद्देश्य ........ ३

१.४ कार्यविधिको दायरा ........ ३

परिच्छेद २. संघबाट सञ्चालन गरिने क्रियाकलापहरु ........ ६

२.१ आयोजनाको सामाजिक, आर्थिक, भौतिक तथा वातावरणीय आदि विषयको सूचना प्रणाली विकास ........ ६

२.२ पूँजीगत परामर्श खर्च (Project Management Support Consultant-PMSC) ........ ७

२.३ वार्षिक योजना तर्जुमा गोष्ठी ........ ९

२.४ वार्षिक प्रगति समीक्षा गोष्ठी ........ १०

२.५ टिम बिल्डिङ कार्यशाला (Team Buidling Workshop) ........ ११

२.६ खरिद प्रक्रिया, वित्त व्यवस्थापन, सामाजिक सुरक्षा, एकीकृत प्रतिवेदन तयार सम्बन्धी तालिम ........ १३

२.७ वन तथा वातावरण क्षेत्रको लैङ्गिक समानता, अपाङ्गता मैत्री तथा सामाजिक समावेशीकरण कार्याशाला गोष्ठी ........ १४

२.८ संरक्षण प्रचार प्रसार सामाग्री उत्पादन तथा वितरण ........ १६

२.९ आयोजना कार्यान्वयन निर्देशिका, कार्यविधि, मापदण्ड लगायत अन्य दस्तावेज तयारी ........ १७

परिच्छेद ३. प्रदेशबाट सञ्चालन गरिने क्रियाकलापहरु ........ १९

३.१ Construction of Water Infrastructures (Water Supply Schemes) Civil Works ........ १९

३.२ Construction of Water Infrastructures (Irrigation Schemes) Civil Works ........ २०

३.३ Construction of Ecotourism Related Civil Works in Kupinde Lake, Salyan ........ २२

३.४ Construction of Ecotourism Related Civil Works in Syarpu Lake, West Rukum ........ २३

३.५ Construction of Ecotourism Related Foot Trail and Other Civil Works in Khaptad Section, Bajura District ........ २५

३.६ Construction of Ecotourism Related Foot Trail and Other Civil Works in Badimalika Section, Bajura District ........ २६

३.७ Watershed Management Works ........ २८

३.८ Bio-Engineering Works ........ २९

३.९ Forest Management Works ........ ३१
३.१० Nursery Development Support/Grant (Output २, Scheme १) ........ ३२
३.११ Post-harvest Improvement and Value Addition Support/Grant (Output २, Scheme २) ........ ३३
३.१२ Advanced Processing Support/Grant (Output २, Scheme ३) ........ ३५
३.१३ Embedded Service Support/Grant (Output २, Scheme ४) ........ ३६
३.१४ Dedicated Funding Window for Women-led Enterprises and Cooperative Members Support/Grant (Output २, Scheme ५) ........ ३८
३.१५ वार्षिक योजना तर्जुमा गोष्ठी ........ ३९
३.१६ वार्षिक प्रगति समीक्षा गोष्ठी ........ ४०
३.१७ महिला तथा विपन्न समुहलाई लक्षित जडीबुटी तथा अन्य वनजन्य पैदावार सम्बन्धी उद्यमशिलता विकास तालिम ........ ४२
३.१८ कार्यक्रम कार्यान्वयन सहजिकरणका लागि सरोकारवालाहरुसँग अन्तरक्रिया ........ ४३
३.१९ जलवायु परिवर्तन सम्बन्धी अभिमूखीकरण तालिम (समुह स्तरमा) ........ ४४
३.२० वन डढेलो न्यूनीकरण सम्बन्धी फिल्ड अभ्यास (समूह स्तरमा डढेलो सप्ताह मनाउने)... ४५
३.२१ कम खर्चिलो भू संरक्षण प्रविधि तालिम ........ ४६
३.२२ समूह सहजीकरण (गठन, अनुगमन, सा.ले.प समेत) ........ ४८
३.२३ समन्वय बैठक ........ ४९
३.२४ आयोजना कार्यान्वयनका लागि सरोकारवालाहरुसँग सहजीकरण ........ ५०
३.२५ एकीकृत जलाधार व्यवस्थापन (दिगो वन विकास) सम्बन्धि तालिम ........ ५१
३.२६ खानेपानी तथा सिंचाई व्यवस्थापन (Solar lift) सम्बन्धि तालिम ........ ५३
३.२७ Climate Resilient Capacity Enhancement Training ........ ५४
३.२८ Environmental and Social Safeguard Training ........ ५६
३.२९ अन्तर प्रादेशिक सिकाई आदान प्रदान भ्रमण ........ ५७
३.३० पार्श्वचित्र तयारी (Activity Profile) ........ ५८
३.३१ पूँजीगत परामर्श व्यक्ति करार ........ ५९



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

## परिच्छेद १. जलवायु उत्थानशील भू-परिधि तथा जीविकोपार्जन आयोजना Climate Resilient Landscapes and Livelihoods Project (CRLLP)

### १.१ आयोजनाको परिचय

**"जलवायु उत्थानशील भू-परिधी तथा जीविकोपार्जन आयोजना"** एसियाली विकास बैंक (ए.डि.बि) को आर्थिक सहयोगमा कृषि, वन तथा वातावरण मन्त्रालय अन्तर्गत वन तथा भू संरक्षण विभाग कार्यान्वयन निकाय रहने गरी कर्णाली र सुदूरपश्चिम प्रदेश अन्तर्गतका ५ जिल्ला (सल्यान, रुकुम पश्चिम, मुगु, बझाङ्ग र बाजुरा) को २४ पालिकामा कार्यान्वयनमा रहेको आयोजना हो ।

**आयोजनाको उद्देश्य**

यस आयोजनाले लक्षित समुदायका घरधुरीहरूको जलवायु परिवर्तन सम्बन्धि जोखिम न्यूनीकरणका लागि खानेपानीको दीगो व्यवस्थापन तथा जलस्रोतमा सहज पहुँच सुनिश्चित गर्दै जीविकोपार्जनका वैकल्पिक स्रोतहरूको विकास र विविधीकरण मार्फत जलवायु उत्थानशीलता अभिवृद्धि गर्ने लक्ष्य राखेको छ।

**दातृ निकाय**

एसियाली विकास बैंक (ए.डि.बि)

**कार्यान्वयन गर्ने संस्था**

कृषि, वन तथा पर्यावरण मन्त्रालय अन्तर्गत वन तथा भू-संरक्षण विभाग ।

**कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु**

कर्णाली र सुदूरपश्चिम प्रदेश अन्तर्गतका ५ जिल्लाका (सल्यान, रुकुम पश्चिम, मुगु, बझाङ्ग र बाजुरा) भू तथा जलाधार व्यवस्थापन कार्यालय, डिभिजन वन कार्यालय, खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय, प्रदेशस्तरीय पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाई, जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, खानेपानी तथा सरसफाई डिभिजन ।

**कुल बजेट**

३७ मिलियन अमेरिकी डलर

- ए.डि.बि अनुदान- २२ मिलियन अमेरिकी डलर
- ए.डि.बि ऋण- १० मिलियन अमेरिकी डलर
- नेपाल सरकार- ५ मिलियन अमेरिकी डलर

**आयोजनाको अवधि**

६ वर्ष (११ डिसेम्बर २०२४ देखि ३१ डिसेम्बर २०३० सम्म)

**आयोजनाको समन्वय तथा व्यवस्थापन**

- आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PCMU), वन तथा भू संरक्षण विभाग
- प्रदेशस्तरीय आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PPCMU), उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली र सुदूरपश्चिम प्रदेश

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

## १.२ आयोजनाको कार्य क्षेत्र

कर्णाली र सुदूरपश्चिम प्रदेश अन्तर्गतका ५ जिल्ला (सल्यान, रुकुम पश्चिम, मुगु, बझाङ्ग र बाजुरा) को २४ पालिका।

| सि.नं. | स्थानीय तह | जिल्ला | प्रदेश |
|---|---|---|---|
| १. | खत्याड गाँउपालिका | मुगु | कर्णाली प्रदेश |
| २. | सोरु गाँउपालिका | मुगु | कर्णाली प्रदेश |
| ३. | वनगाड कुपिण्डे नगरपालिका | सल्यान | कर्णाली प्रदेश |
| ४. | बागचौर नगरपालिका | सल्यान | कर्णाली प्रदेश |
| ५. | कालिमाटी गाँउपालिका | सल्यान | कर्णाली प्रदेश |
| ६. | कुमाख गाँउपालिका | सल्यान | कर्णाली प्रदेश |
| ७. | शारदा नगरपालिका | सल्यान | कर्णाली प्रदेश |
| ८. | आठबिसकोट नगरपालिका | रुकुम पश्चिम | कर्णाली प्रदेश |
| ९. | बाँफिकोट गाँउपालिका | रुकुम पश्चिम | कर्णाली प्रदेश |
| १०. | चौरजहारी नगरपालिका | रुकुम पश्चिम | कर्णाली प्रदेश |
| ११. | सानी भेरी गाँउपालिका | रुकुम पश्चिम | कर्णाली प्रदेश |
| १२. | तलकोट गाँउपालिका | बझाङ्ग | सुदूरपश्चिम प्रदेश |
| १३. | छबिसपाथिभेरा गाँउपालिका | बझाङ्ग | सुदूरपश्चिम प्रदेश |
| १४. | जयपृथ्वी नगरपालिका | बझाङ्ग | सुदूरपश्चिम प्रदेश |
| १५. | मष्टा गाँउपालिका | बझाङ्ग | सुदूरपश्चिम प्रदेश |
| १६. | बडीमालिका नगरपालिका | बाजुरा | सुदूरपश्चिम प्रदेश |
| १७. | बुढीगंगा नगरपालिका | बाजुरा | सुदूरपश्चिम प्रदेश |
| १८. | बुढीनन्दा नगरपालिका | बाजुरा | सुदूरपश्चिम प्रदेश |
| १९. | छेडेदह गाँउपालिका | बाजुरा | सुदूरपश्चिम प्रदेश |
| २०. | गौमुल गाँउपालिका | बाजुरा | सुदूरपश्चिम प्रदेश |
| २१. | हिमाली गाँउपालिका | बाजुरा | सुदूरपश्चिम प्रदेश |
| २२. | जगन्नाथ गाँउपालिका | बाजुरा | सुदूरपश्चिम प्रदेश |
| २३. | स्वामीकार्तिक खापर गाँउपालिका | बाजुरा | सुदूरपश्चिम प्रदेश |
| २४. | त्रिवेणी नगरपालिका | बाजुरा | सुदूरपश्चिम प्रदेश |



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
काठमाडौं

नेपाल सरकार
वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं
महानिर्देशक

## १.३ कार्यविधिको उद्देश्य

आयोजनाको स्वीकृत वार्षिक कार्यक्रमहरुको प्रभावकारी कार्यान्वियन गरी अपेक्षित उपलब्धि प्राप्तिका लागि कार्यक्रम सम्पादन गर्ने निकायहरु बीच कार्यक्रम संचालन प्रकृयामा समान र साझा बुझाई, कार्यक्रम/क्रियाकलाप संचालनमा एकरुपता, सम्पादित कार्यको परिमाणात्मक र गुणात्मक पक्षको सुनिश्चितता तथा सरल र सहज तरीकाबाट समयमा नै प्रभावकारी कार्यान्यवन भइ अधिकतम उपलब्धि हासिल गर्नका लागि तपसिलमा उल्लेखित उद्देश्यहरु तय गरी आयोजनाको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ तयार गरिएको छ ।

- संघ र प्रदेश मातहतका कार्यालयहरुबाट सञ्चालन हुने कार्यक्रमहरु तथा क्रियाकलापहरुको बारेमा थप स्पष्टता प्रदान गर्ने,
- कार्यक्रम सञ्चालनमा कार्यान्वयनगत एकरुपता तथा समान बुझाई ल्याउने,
- सम्पादित कार्यको प्रभावकारिता, परिमाणात्मक र गुणात्मक पक्षको सुनिश्चितता प्रदान गर्नुका साथै सञ्चालित क्रियाकलापहरुको दिगो उपभोग गर्न सहयोग पुर्याउने,
- सरल तथा सहज तरिकाबाट सेवाप्रवाह गर्ने,
- कार्यक्रम कार्यान्वयनका लागि साझा प्रक्रिया तथा मार्गदर्शन हुने ।

## १.४ कार्यविधिको दायरा

आयोजनाको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत पृष्ठभूमी, क्रियाकलापहरुको उद्देश्य, कार्यान्वयन प्रक्रिया, अपेक्षित उपलब्धि, जनशक्ति व्यवस्थापन र अनुगमन योजना लगायतका पक्षहरु यस कार्यविधिमा समेटिएका छन् । यस कार्यविधिमा संघ अन्तर्गत वन तथा भू-संरक्षण विभाग र प्रदेश अन्तर्गत उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, जलश्रोत तथा उर्जा विकास मन्त्रालय भौतिक पूर्वाधार विकास मन्त्रालय मातहतका कार्यालयहरुको चालु आ.व. २०८३/८४ मा संचालन हुने गरी स्वीकृत भएको बार्षिक कार्यक्रम र बजेट विनियोजनको आधारमा ब.उ.शि.नं. ३१२०६१०८ जलवायु उत्थानशील भू-परिधी तथा जीविकोपार्जन आयोजनाको स्वीकृत बार्षिक कार्यक्रम र क्रियाकलापहरु निम्नानुसार विभिन्न परिच्छेदमा समेटिएका छन् । कार्यबिधिको परिच्छेद १ देखि ३ सम्म क्रमश जलवायु उत्थानशील भू-परिधी तथा जीविकोपार्जन आयोजना, संघबाट सञ्चालन गरिने क्रियाकलापहरु र प्रदेशबाट सञ्चालन गरिने क्रियाकलापहरु यस कार्यविधिमा समेटिएका छन् ।

तपसिलमा उल्लेख भएका विषयहरुलाई विषेश ध्यानमा राखि क्रियाकलापहरु संचालन गर्नुपर्नेछ ।

- कामको प्रकृति र स्वीकृत बजेटको परिमाण एवं आवश्यकता अनुसार कार्यक्रम सञ्चालन गर्दा आर्थिक वर्ष २०८३/०८४ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन-२०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७; सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली-२०६४ (संशोधन सहित), सार्वजनिक खर्चको मापदण्ड र वन तथा वातावरण सम्बन्धि कानूनका साथै अन्य प्रचलित कानून बमोजिम आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता सेवाप्रदायक, उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउने कार्यविधि वा अमानतबाट कार्य सञ्चालन गर्न गराउन सकिनेछ ।
- दातृ निकाय ए.डि.बि को शर्त, नियम पालना तथा आयोजना दस्तावेजमा उल्लेख भए अनुसारको व्यवस्था एवं वार्षिक कार्ययोजना र खरिद योजना वमोजिम क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

महानिर्देशक

- कार्यक्रमहरुको लागि स्वीकृत बजेट खर्च गर्दा नेपाल सरकारले स्वीकृत गरेको नर्म्स, सम्बन्धित जिल्ला वा स्थानीय तहको स्वीकृत दररेट, कार्यक्रम संचालन निर्देशिका, मार्गदर्शन र कार्यविधि तथा आयोजना दस्ताबेजमा उल्लेख भए अनुसारको व्यवस्था अनुरुप कागजात तयार तथा स्वीकृत गराइ क्रियाकलापहरु सञ्चालन गर्नुपर्नेछ ।
- कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गरी कार्य गराउँदा सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्त (Terms of Reference) र परामर्श सेवाको लागत अनुमान सम्बन्धि नर्म्स तथा आयोजना दस्ताबेजमा उल्लेख भए अनुसारको व्यवस्थाको अधिनमा रही लागत अनुमान तयार गरी सम्बन्धित पदाधिकारीबाट स्वीकृत गराइ प्रचलित ऐन नियम अनुसार काम गराउनु पर्नेछ।
- कार्यक्रमहरूको लगत इष्टिमेट (ल.ई.) तयार गर्दा (निर्माण कार्यको हकमा अनिवार्य रुपमा ड्रइङ्ग डिजाइन सहितको (नक्सा तयार गरी) नेपाल सरकार/प्रदेश सरकारले स्वीकृत गरेको नर्मस, सम्वन्धित जिल्ला/स्थानीय तहको स्वीकृत दररेट तथा सार्वजनिक खरिद ऐन, २०६३; सार्वजनिक खरिद नियमावली, २०६४ समेतको आधारमा गर्नुपर्नेछ ।
- कुनै पनि क्रियाकलाप प्रारम्भ गर्नु अघि कार्यालयले उपभोक्ता समितिलाई गरिनुपर्ने क्रियाकलापहरुको बारेमा पूर्ण जानकारी गराउनु पर्नेछ । यसरी जानकारी गराउँदा कार्यको उद्देश्य, कार्य गर्नका लागि आयोजना दस्ताबेजले निर्दिष्ट गरेको अपनाउनु पर्ने प्रक्रिया, लगत इष्टिमेट (ल.ई.) तथा ड्रइङ्ग, डिजाइन र नक्शा सम्बन्धमा अभिमुखीकरण समेत गर्नुपर्नेछ र यस्ता अभिमुखीकरण कार्यमा लाग्ने खर्च कार्यक्रमको लागत अनुमानमा समावेश गरी खर्च लेख्न सकिनेछ र कार्यक्रम सम्पन्न भईसके पछि कार्यान्वयन गर्ने उपभोक्ता समिति/कार्यक्रम कार्यान्वयन गर्ने निकायले सार्वजनिक लेखा परिक्षण गर्नुपर्नेछ ।
- उपभोक्ता समितिबाट गरिने काममा हेभी मेशिनको प्रयोग गर्नुपर्ने भएमा लगत इष्टिमेट (ल.ई.) तयार गर्दाको समयमा नै हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य उल्लेख गरी सञ्चालन गर्न सकिनेछ । लागत अनुमानमा जनश्रमदिन उल्लेख गरी हेभी मेशिन प्रयोग गर्न भने पाइने छैन ।
- उपभोक्ता समितिले सम्झौता गरे बमोजिमको योजना आफैले सम्पन्न गर्नुपर्नेछ । योजनाको स्याहार, सम्भार र मर्मत सम्भार गर्ने दायित्व उपभोक्ता समितिको हुनेछ । उपभोक्ता समितिले जिम्मा लिएको योजनाको काम कुनै निर्माण व्यवसायी वा कन्ट्रयाक्टरबाट गराउन पाईने छैन ।
- कार्यक्रम सञ्चालन गर्दा सकेसम्म स्थानीय समुदायको आयआर्जन हुने तथा हरियाली प्रवर्द्धन हुने कार्यलाई एकीकृत गरी सञ्चालन गर्नुपर्नेछ ।
- कामको प्रकृति र स्थान अनुसार कार्यक्रम सञ्चालन गर्नु भन्दा पहिले सम्बन्धित स्थानीय तहको सम्बन्धित वडा कार्यालयको सिफारिश लिनुपर्नेछ ।
- भू-संरक्षण सम्बन्धित क्रियाकलापहरु संभव भएसम्म नेपाल गुणस्तर चिन्ह प्राप्त हेभिकोटेड जि.आई.तारको मेसिन मेड तारजाली प्रयोग गर्नुपर्नेछ ।
- कामको प्रकृति र स्थान अनुसार कार्यक्रम सम्पन्न भए पश्चात् प्राविधिकको मूल्याङ्कनको आधारमा आवश्यक कागजात प्राप्त भए पश्चात् अन्तिम भुक्तानी गरिनेछ ।

नेपाल सरकार कृषि वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

महानिर्देशक

- उपभोक्ता समिति मार्फत् कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित उपभोक्ता समितिले कुल लागतको कम्तिमा १० प्रतिशत वा आयोजना दस्ताबेजमा उल्लेख भए बमोजिम लागत साझेदारी वा जनश्रमदान उपलव्ध गराउनुपर्नेछ ।
- उपभोक्ता समूहबाट कार्यक्रम सञ्चालन गर्दा अपनाउने प्रक्रिया यस प्रकार रहेका छन् :
  - ➢ सम्भाव्य स्थल पहिचान
  - ➢ स्थलगत भ्रमण तथा स्थल छनौट
  - ➢ सर्भे, डिजाइन ड्रइङ्ग, लागत अनुमान तयारी, सम्झौता
  - ➢ समूह/समिति गठन वा विद्यमान समूह/समिति चयन
  - ➢ कार्यान्वयन (उपभोक्ता समूह/सेवाप्रदायकबाट)
  - ➢ जैविक र भौतिक संरचना निर्माण
  - ➢ अनुगमन (कार्य संचालन पूर्व, संचालन चरण र सम्पन्न पश्चात्का तस्विरहरु समेत)
  - ➢ कार्य सम्पन्न प्रतिवेदन
  - ➢ सञ्चालन तथा मर्मत सम्भार उपभोक्ताबाट ।
- यस कार्यविधिमा उल्लेख नभएका तर स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्य सम्पादन गर्न आवश्यक भएका कार्यक्रमहरु समेत प्रचलित ऐन नियम नर्मस निर्देशिका तथा कार्यविधिको परिधि भित्र रही कार्यान्वयन गर्नुपर्नेछ ।
- आगामी वर्षहरूमा यस कार्यविधिमा उल्लेखित क्रियाकलापहरूको हकमा वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ बमोजिम नै कार्यान्वयन गरिनेछ। आवश्यकता तथा औचित्यका आधारमा कार्यविधिमा संशोधन, परिमार्जन वा अद्यावधिक गर्न सकिनेछ।
- कार्यक्रम संचालन स्थलमा लागत अनुमान लगायत अन्य विवरण खुल्ने गरी सूचना पाटी (होर्डिङ्ग बोर्ड) राखुपर्नेछ ।
- भौतिक रुपमा सम्पादन गरिने कार्यक्रमको हकमा कार्यक्रम सम्पन्न भएपछि हरेक क्रियाकलापको पार्श्वचित्र (Activity Profile) बनाउनु पर्नेछ ।
- कामको प्रकृति र स्थान अनुसार कृयाकलापहरुको प्राबिधिक लागत अनुमानसंगै प्रत्येक कृयाकलापवाट महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, बिपन्न तथा अन्य सिमान्तकृत समूदायका साथै वातावरण र सामाजिक क्षेत्रमा पर्न सक्ने ठाँउ बिशेषको जोखिम मूल्याँकन र न्यूनिकरणका उपायहरुको सिफारिस सहित प्रतिबेदन तयार गरिने छ ।
- उक्त जोखिम मूल्याँकनको क्रममा उल्लेखित जोखिम तथा न्यूनिकरणका उपायहरु, समूदाय संगको परामर्श र बिशेष गरि भूमि प्रयोग र प्राकृतिक श्रोत माथिको पहूँच सम्बन्धि बिषयलाई महत्व दिइने छ । ठाँउ बिशेष वातावरण तथा समाजिक जोखिम मूल्याँकन र सिफारिस प्रतिवेदन आयोजना दस्ताबेजमा उल्लेख भए अनुसारको वातावरणिय तथा समाजिक व्यवस्थापन योजना अनूसार गरिने छ।
- कार्य स्थलमा बाल श्रमिकलाइ पूर्ण रुपमा प्रतिबन्धित गरिने छ । यौन शोषण, दुर्व्यवहार र उत्पीडन तथा लैगिंक हिंसा, विभेद लाई पूर्ण रुपमा कार्यस्थलमा निरुत्साहित गरिने छ।
- आयोजना अन्तर्गतका क्रियाकलापहरुको कार्यन्वयनका क्रममा लैगिक तथा समावेशिता र वातावरण तथा समाजिक जोखिम व्यवस्थापनको प्रभावकारीताको नियमित अनुगमन गरिने छ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

महानिर्देशक

## परिच्छेद २. संघबाट सञ्चालन गरिने क्रियाकलापहरु

वन तथा भू संरक्षण विभाग अन्तर्गत रहेको आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PCMU) को स्वीकृत वार्षिक कार्यक्रम ब.उ.शि.नं. ३१२०६१०८ जलवायु उत्थानशील भू-परिधी तथा जीविकोपार्जन आयोजना अन्तर्गत विनियोजित क्रियाकलापहरुको कार्यक्रम कार्यान्वयन कार्यविधि यस प्रकार रहेको छ ।

### २.१ आयोजनाको सामाजिक, आर्थिक, भौतिक तथा वातावरणीय आदि विषयको सूचना प्रणाली विकास

#### पृष्ठभूमि

आयोजनाले एकीकृत जलाधार व्यवस्थापन, जलवायु उत्थानशील पूर्वाधार विकास, वन तथा जलाधार संरक्षण, जीविकोपार्जन प्रवर्द्धन तथा पर्यापर्यटन विकासका बहुआयामिक कार्यक्रमहरू कर्णाली तथा सुदूरपश्चिम प्रदेशका आयोजना क्षेत्रहरूमा सञ्चालन गरिरहेको छ। आयोजनाबाट सञ्चालित कार्यक्रमहरूको सामाजिक, आर्थिक, भौतिक तथा वातावरणीय प्रभाव, उपलब्धि तथा परिवर्तनहरूलाई तथ्यमा आधारित रूपमा अभिलेखीकरण, विश्लेषण, अनुगमन तथा मूल्याङ्कन गर्न आधुनिक सूचना प्रणालीको आवश्यकता रहेको छ।

आयोजनाको कार्यान्वयन अवधिभर प्राप्त हुने तथ्याङ्क तथा सूचनाहरूलाई एकीकृत रूपमा व्यवस्थापन गरी योजना तर्जुमा, निर्णय प्रक्रिया, प्रगति अनुगमन, प्रभाव मूल्याङ्कन तथा दातृ निकाय, नेपाल सरकार र अन्य सरोकारवालाहरूलाई आवश्यक सूचना सहज रूपमा उपलब्ध गराउने उद्देश्यले आयोजना सम्बन्धी सामाजिक, आर्थिक, भौतिक तथा वातावरणीय सूचना प्रणाली विकास गरिनेछ। उक्त प्रणाली Project Administration Manual (PAM), आयोजना Design and Monitoring Framework (DMF), Monitoring and Evaluation Framework तथा Government Integrated Information System सँग आवश्यकतानुसार अन्तरसम्बन्ध कायम हुने गरी विकास गरिनेछ।

#### उद्देश्य

आयोजनाबाट सञ्चालित सम्पूर्ण कार्यक्रम तथा क्रियाकलापहरूको सामाजिक, आर्थिक, भौतिक तथा वातावरणीय सूचनाहरूलाई डिजिटल माध्यमबाट एकीकृत रूपमा व्यवस्थापन गरी योजना निर्माण, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीलाई प्रभावकारी, पारदर्शी, तथ्यमा आधारित र समयानुकूल बनाउने ।

#### कार्यान्वयन प्रक्रिया

- आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PCMU) ले सूचना प्रणाली विकासका लागि विस्तृत कार्यक्षेत्रगत शर्त (Terms of Reference-ToR) तयार गरी स्वीकृत गरिनेछ।
- आवश्यकताअनुसार सूचना प्रणालीको अवधारणा, प्रणाली विश्लेषण, Software Architecture तथा Database Design तयार गरिनेछ।
- सार्वजनिक खरिद ऐन, सार्वजनिक खरिद नियमावली, ADB Procurement Policy तथा आयोजना खरिद योजना बमोजिम परामर्शदाता वा सेवा प्रदायक छनौट गरिनेछ।
- आयोजना क्षेत्रका सबै कार्यान्वयन निकाय तथा सरोकारवालासँग परामर्श गरी आवश्यक सूचक, तथ्याङ्क तथा सूचना आवश्यकताहरू पहिचान गरिनेछ।
- सामाजिक, आर्थिक, भौतिक, वातावरणीय, जलाधार, वन व्यवस्थापन, खानेपानी, सिँचाइ, जीविकोपार्जन, जैविक भू-संरक्षण, पर्यापर्यटन तथा अन्य आयोजना सूचकहरू समेटिएको वेब आधारित सूचना प्रणाली विकास गरिनेछ।



नेपाल सरकार वन तथा पर्यावरण मन्त्रालय काठमाडौं

महानिर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

- आवश्यकताअनुसार GIS आधारित नक्सा, फोटो, भिडियो, GPS Location, Dashboard तथा Mobile Data Collection प्रणाली समावेश गरिनेछ।
- प्रणालीको परीक्षण (Testing), सुधार (Refinement) तथा User Acceptance Test सम्पन्न गरिनेछ।
- आयोजना अन्तर्गतका संघीय, प्रदेश तथा कार्यक्रम कार्यान्वयन इकाईका सम्बन्धित कर्मचारीहरूलाई प्रणाली सञ्चालन सम्बन्धी अभिमुखीकरण तथा तालिम सञ्चालन गरिनेछ।
- प्रणाली सञ्चालनमा ल्याई नियमित रूपमा तथ्याङ्क अद्यावधिक गर्ने व्यवस्था मिलाईनेछ।
- प्रणालीको मर्मत, सुधार, सुरक्षा (Cyber Security), Backup तथा आवश्यक प्राविधिक सहयोग सुनिश्चित गरिनेछ।
- आयोजना समाप्तिपश्चात प्रणालीको स्वामित्व, सञ्चालन तथा व्यवस्थापन सम्बन्धित सरकारी निकायमा हस्तान्तरण गर्ने व्यवस्था मिलाईनेछ।

**अपेक्षित उपलब्धि**

आयोजनाको सामाजिक, आर्थिक, भौतिक तथा वातावरणीय सूचनाहरूको एकीकृत डिजिटल सूचना प्रणाली विकास भई आयोजना सम्बन्धी सम्पूर्ण तथ्याङ्क सुरक्षित, व्यवस्थित तथा अद्यावधिक रूपमा उपलब्ध हुनेछ। आयोजना कार्यान्वयन, अनुगमन, मूल्याङ्कन, प्रगति प्रतिवेदन, निर्णय प्रक्रिया तथा नीतिगत योजना निर्माणमा तथ्यमा आधारित सूचना सहज रूपमा प्राप्त हुने व्यवस्था स्थापित हुनेछ। साथै आयोजना उपलब्धि, प्रभाव तथा सूचकहरूको नियमित अनुगमन र विश्लेषण प्रभावकारी रूपमा सञ्चालन हुने तथा आयोजना समाप्तिपश्चात समेत उपयोग गर्न सकिने दिगो सूचना प्रणाली विकास हुनेछ।

**जनशक्ति व्यवस्थापन**

| | |
|---|---|
| आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PCMU) | समग्र समन्वय, व्यवस्थापन तथा कार्यान्वयनको नेतृत्व |
| IT विशेषज्ञ, System Analyst, Software Developer | प्रणाली विश्लेषण, डिजाइन, विकास, परीक्षण तथा प्राविधिक सहयोग |
| GIS विशेषज्ञ, Database Administrator, M&E विशेषज्ञ तथा अन्य प्राविधिक परामर्शदाता | GIS, डाटाबेस व्यवस्थापन, अनुगमन मूल्याङ्कन तथा आवश्यक प्राविधिक परामर्श |
| संघ, प्रदेश तथा कार्यक्रम कार्यान्वयन इकाईका प्राविधिक तथा प्रशासनिक कर्मचारी | प्रणाली परीक्षण, सञ्चालन, प्रयोगकर्ता प्रतिपुष्टि तथा कार्यान्वयनमा सहयोग |

**अनुगमन योजना**

- निर्माण भएको सफ्टवयर
- सम्झौता पत्र

## २.२ पूँजीगत परामर्श खर्च (Project Management Support Consultant-PMSC)

### पृष्ठभूमि

आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि आयोजना व्यवस्थापन सहयोग परामर्शदाता (Project Management Support Consultant-PMSC) खरिद प्रक्रिया सम्पन्न भई सम्झौता कार्यान्वयनमा रहेको छ। परामर्शदाताले आयोजना व्यवस्थापन, प्राविधिक सहजीकरण, खरिद व्यवस्थापन, वित्तीय व्यवस्थापन,



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं
महानिर्देशक

वातावरणीय तथा सामाजिक सुरक्षा, अनुगमन तथा मूल्याङ्कन, क्षमता विकास तथा प्रतिवेदन तयारी लगायतका क्षेत्रमा आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PCMU), प्रदेशस्तरीय आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PPCMU) तथा कार्यक्रम कार्यान्वयन इकाईहरूलाई प्राविधिक सहयोग प्रदान गरिरहेको छ। यस क्रियाकलाप अन्तर्गत आ.व. २०८३/८४ मा सम्झौतामा उल्लेख भए बमोजिम परामर्श सेवा परिचालन तथा भुक्तानी गरिनेछ।

### उद्देश्य

सम्झौता बमोजिम आयोजना व्यवस्थापन सहयोग परामर्शदाता मार्फत आयोजना कार्यान्वयनमा आवश्यक प्राविधिक तथा व्यवस्थापकीय सहयोग उपलब्ध गराई आयोजनाको गुणस्तरीय, प्रभावकारी तथा समयबद्ध कार्यान्वयन सुनिश्चित गर्ने ।

### कार्यान्वयन प्रक्रिया

- सम्झौता तथा स्वीकृत कार्ययोजना बमोजिम PMSC अन्तर्गतका विज्ञ तथा सहयोगी जनशक्ति परिचालन गरिनेछ।
- विज्ञहरूले कार्य क्षेत्रगत शर्त (ToR) तथा सम्झौता बमोजिम आयोजना व्यवस्थापन, प्राविधिक सहजीकरण, क्षमता विकास, अनुगमन तथा प्रतिवेदन तयारी लगायतका कार्य सम्पादन गरिनेछ।
- परामर्शदाताबाट पेश गरिएका Inception Report, Progress Report, Deliverables तथा अन्य प्रतिवेदनहरूको समीक्षा गरी स्वीकृत गरिनेछ।
- सम्झौता बमोजिम कार्यसम्पादन सन्तोषजनक भए पश्चात् प्रमाणित कार्यसम्पादनका आधारमा परामर्श सेवा भुक्तानी गरिनेछ।
- PMSC ले आवश्यकता अनुसार PCMU, PPCMU तथा कार्यक्रम कार्यान्वयन इकाईहरूसँग नियमित समन्वय तथा प्राविधिक समीक्षा बैठक सञ्चालन गर्न सक्नेछ।

### अपेक्षित उपलब्धि

सम्झौता बमोजिम परामर्शदाता परिचालन भई आयोजना व्यवस्थापन, प्राविधिक सहजीकरण, खरिद तथा वित्तीय व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन, वातावरणीय तथा सामाजिक सुरक्षा व्यवस्थापन तथा प्रतिवेदन प्रणाली प्रभावकारी हुनेछ। यसबाट आयोजना गतिविधिहरू निर्धारित समय, लागत तथा गुणस्तर अनुसार कार्यान्वयन भई आयोजना कार्यान्वयन गर्ने निकायहरूको संस्थागत क्षमता अभिवृद्धि हुनेछ।

### जनशक्ति व्यवस्थापन

| जनशक्ति | भूमिका | व्यवस्थापन |
|---|---|---|
| आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PCMU) | समग्र समन्वय, अनुगमन तथा कार्यसम्पादन व्यवस्थापन | वन तथा भू-संरक्षण विभाग |
| PMSC अन्तर्गतका विज्ञ (आयोजना व्यवस्थापन, खरिद, वित्त, वन, इन्जिनियरिङ, वातावरण, GESI, M&E, GIS/IT आदि) | प्राविधिक परामर्श, क्षमता विकास, अनुगमन तथा प्रतिवेदन तयार | सम्झौता अनुसार परामर्शदाता संस्था मार्फत परिचालन |



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

### अनुगमन योजना

- PMSC का विज्ञहरुको हाजिर, कार्य योजना, प्रगति प्रतिवेदन।

## २.३ वार्षिक योजना तर्जुमा गोष्ठी

### पृष्ठभूमि

आयोजनाको हरेक आ.व. मा संघीय र प्रादेशिक तहका वार्षिक बजेट तथा कार्यक्रमहरू तयार गरिनेछ। राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा कृषि, वन तथा वातावरण मन्त्रालयबाट प्राप्त बजेट सिलिङ, नीति तथा कार्यक्रम, आयोजना दस्तावेज र अन्य सम्बन्धित कागजातहरूलाई आधार मानेर योजनाहरू तयार गरिनेछ। संघीय स्तरमा आयोजना हुने वार्षिक योजना तर्जुमा गोष्ठीले PPCMU र PIU हरूलाई एकीकृत योजना बनाउने अवसर प्रदान गर्नुका साथै आगामी आ.व.का गतिविधि, बजेट र प्राथमिकताहरू एकरूप बनाउन सहयोग पुग्नेछ।

### उद्देश्य

आगामी आ.व. का लागि आयोजनाको वार्षिक योजना (कार्यक्रम र बजेट) तयार गरी संघीय र प्रादेशिक तहबीच कार्यान्वयन प्राथमिकता र बजेटको समन्वय गर्ने, GESI, safeguard, वातावरणीय तथा वित्तीय पक्षलाई एकीकृत गर्ने र अघिल्लो वर्षको समीक्षा तथा सिकाइलाई योजनामा समावेश गर्ने।

### कार्यान्वयन प्रक्रिया

- गोष्ठीको आयोजना आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PCMU) ले गर्नेछ ।
- संघीय मन्त्रालय, संघीय सम्बन्धित विभाग तथा अन्तर्गतका कर्मचारीहरु, प्रदेश स्तरीय आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PPCMU) तथा कार्यक्रम कार्यान्वयन इकाईहरू (PIUs) का प्रतिनिधिहरु लगायत अन्य सरोकारवालाहरुबाट सहभागीहरु छनौट गरिनेछ ।
- गोष्ठी सञ्चालनार्थ लागत अनुमान प्रचलित नियमानुसार तयार गरी आयोजना निर्देशकबाट स्वीकृत गरिनेछ ।
- सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली -२०६४, (संशोधन सहित) बमोजिम कार्यालयको जनशक्ति वा सेवा प्रदायक मार्फत होटलमा आवासीय कार्यक्रम सञ्चालन गरिनेछ ।
- गोष्ठी अघिको पूर्वतयारी चरणमा PPCMU र PIU हरूले प्रस्तावित कार्यक्रम र बजेट प्राथमिकता सहितको प्रस्तुतीकरण गरिनेछ। छलफलद्वारा दोहोरो कार्यक्रम हटाइने, प्राथमिकता मिलाइने, र बजेट विनियोजन सन्तुलित गरिनेछ। गोष्ठीको विषयबस्तुलाई समेटेर अन्तिम प्रतिवेदन तयार गरिनेछ ।
- प्रतिवेदन सहित आधिकारिक बिल भर्पाईका आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ ।
- विनियोजित रकम होटल खर्च, खाजा खर्च, दैनिक भ्रमण भत्ता, यातायात खर्च, इन्धन, आवश्यक सामाग्री खरिद लगायतका विभिन्न शिर्षकमा स्वीकृत लागत अनुमान अनुसार खर्च गर्न सकिनेछ ।

### अपेक्षित उपलब्धि

आगामी आ.व. का लागि एकीकृत, परिणाममुखी तथा व्यवहारिक वार्षिक योजना तयार गरी संघीय र प्रादेशिक तहबीच कार्यक्रम र बजेटमा एकरूपता सुनिश्चित गर्ने, GESI, safeguard र वित्तीय पक्षलाई योजनामा समावेश गरी आयोजना कार्यान्वयनलाई पारदर्शी, परिणाममुखी र प्रभावकारी बनाईनेछ।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

**जनशक्ति व्यवस्थापन**

| तह | जिम्मेवारी |
|---|---|
| PCMU (DoFSC) | गोष्ठी आयोजना, समग्र समन्वय, दिशानिर्देशन, प्रतिवेदन संकलन |
| PPCMU (Province) | प्रस्तावित गतिविधि/बजेट कार्यपत्र तयार गरी प्रस्तुत गर्ने |
| PIUs | स्थानीय प्राथमिकता, आवश्यकता, र प्रस्तावित गतिविधि प्रस्तुत गर्ने |

**अनुगमन योजना**

- सहभागीहरुको उपस्थिति
- कार्यक्रममा खिचेका तस्बिर सहितको प्रतिवेदन

## २.४ वार्षिक प्रगति समीक्षा गोष्ठी

**पृष्ठभूमि**

आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि आयोजनाको प्रगति, सिकाइ, चुनौती र आगामी कार्ययोजना सम्बन्धी समन्वय आवश्यक हुन्छ। संघीय स्तरमा आयोजना प्रगतिको समग्र समीक्षा गर्ने, प्रदेश स्तरीय आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PPCMU) तथा कार्यक्रम कार्यान्वयन इकाईहरू (PIUs) बाट प्राप्त प्रतिवेदनहरूको विश्लेषण गर्ने र आवश्यक सुधारात्मक कदमहरू तय गर्ने उद्देश्यले वार्षिक प्रगति समीक्षा गोष्ठी आयोजना गरिनेछ।

**उद्देश्य**

- आयोजनाका वार्षिक भौतिक, वित्तीय, GESI, safeguard तथा वातावरणीय प्रगतिको समग्र समीक्षा गरी सुधारात्मक कदम तय गर्ने।
- प्रादेशिक तथा स्थानीय स्तरमा देखिएका चुनौतीहरूको समाधानका लागि संघीय स्तरको मार्गनिर्देशन प्रदान गर्दै आगामी आ.व.को कार्ययोजना र बजेट कार्यान्वयनमा सहजीकरण गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- समीक्षा गोष्ठीको आयोजना आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PCMU) ले गर्नेछ ।
- संघीय मन्त्रालय, संघीय सम्बन्धित विभाग तथा अन्तर्गतका कर्मचारीहरु, प्रदेश स्तरीय आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PPCMU) तथा कार्यक्रम कार्यान्वयन इकाईहरू (PIUs) का प्रतिनिधिहरु लगायत अन्य सरोकारवालाहरुबाट सहभागीहरु छनौट गरिनेछ ।
- गोष्ठी सञ्चालनार्थ लागत अनुमान प्रचलित नियमानुसार तयार गरी आयोजना निर्देशकबाट स्वीकृत गरिनेछ ।
- सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली (संशोधन सहित)-२०६४ बमोजिम कार्यालयको जनशक्ति वा सेवा प्रदायक मार्फत होटलमा आवासीय कार्यक्रम सञ्चालन गरिनेछ ।
- गोष्ठीमा PPCMU बाट संकलित वार्षिक भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन, GESI र सामाजिक समावेश सम्बन्धी प्रगति, वातावरणीय तथा safeguard मूल्याङ्कन प्रतिवेदन, साथै वित्तीय प्रतिवेदन र लेखा परीक्षणको स्थिति प्रस्तुत गरिनेछ। गोष्ठीपछि छलफलबाट आएका निष्कर्ष तथा सुझावहरुलाई समेटी अन्तिम प्रतिवेदन तयार गरिनेछ ।
- प्रतिवेदन सहित आधिकारिक बिल भर्पाईका आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ ।



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

महानिर्देशक

- विनियोजित रकम होटल खर्च, खाजा खर्च, दैनिक भ्रमण भत्ता, यातायात खर्च, इन्धन, आवश्यक सामाग्री खरिद लगायतका विभिन्न शिर्षकमा स्वीकृत लागत अनुमान अनुसार खर्च गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धि**

- संघीय स्तरमा आयोजनाको समग्र प्रगति स्पष्ट भई प्रादेशिक र संघीय तहबीच कार्यान्वयनका चुनौतीहरूको समाधानमा सहजीकरण हुनेछ।
- वार्षिक कार्ययोजना र बजेट तयार पार्न ठोस आधार उपलब्ध भई आयोजनाको पारदर्शिता, जवाफदेहिता र सिकाइ प्रणाली मजबुत हुनेछ ।

**जनशक्ति व्यवस्थापन**

| तह | जिम्मेवारी |
|---|---|
| PCMU (DoFSC) | गोष्ठी आयोजना, कार्यपत्र तयार, प्रतिवेदन संकलन र प्रस्तुति, संघीय समन्वय |
| PPCMU (Province) | प्रादेशिक प्रतिवेदन तयार गरी प्रस्तुत गर्ने, GESI/ safeguard/ वित्तीय विवरण उपलब्ध गराउने |
| PIUs (SWMO/DFO/WSIEDO/WRIDD/WSSD/PTDPIU) | स्थानीय स्तरको प्रगति विवरण उपलब्ध गराउने, कार्यक्रम कार्यान्वयन चुनौतीहरू छलफल गर्ने |

**अनुगमन योजना**

- सहभागीहरुको उपस्थिति
- कार्यक्रममा खिचेका तस्बिर सहितको प्रतिवेदन

## २.५ टिम बिल्डिङ कार्यशाला (Team Buidling Workshop)

**पृष्ठभूमि**

आयोजनाको कार्यान्वयन संघीय स्तरमा समन्वय, सहजीकरण तथा सोधभर्ना आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PCMU) बाट गरिने र प्रदेश स्तरमा प्रदेश स्तरीय आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PPCMU) को समन्वय तथा सहजीकरणमा कार्यक्रम कार्यान्वयन इकाईहरू (PIUs) बाट आयोजनाका क्रियाकलापहरु स्थानीय स्तरमा सञ्चालन गरिने हुँदा विभिन्न निकायहरू बीच घनिष्ठ समन्वय र आपसी विश्वास अपरिहार्य हुन्छ। संघीय स्तरमा आयोजना सञ्चालनमा संलग्न कर्मचारीहरू, PPCMU का समन्वयकर्ताहरू र कार्यान्वयन इकाइहरु (PIU) का कर्मचारीहरु बीच सहकार्य, सामूहिक समस्या समाधान, र संस्थागत संस्कृतिको विकासलाई सुदृढ पार्ने उद्देश्यले टिम बिल्डिङ कार्यशाला आयोजना गरिनेछ।

**उद्देश्य**

- संघीय, प्रादेशिक र स्थानीय कार्यान्वयन निकाय बीच आपसी समन्वय र विश्वास वृद्धि गर्दै टोलीमा आधारित कार्यशैली प्रवर्द्धन गर्ने र आयोजना कार्यान्वयनमा साझा दृष्टि र लक्ष्य विकास गर्ने।
- कर्मचारीहरूको मनोबल, प्रेरणा र समस्या समाधान क्षमतामा वृद्धि गर्दै आयोजनाको संगठनात्मक संस्कृति, GESI दृष्टिकोण र सिकाइहरुलाई मजबुत बनाउने।



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं
महानिर्देशक

**कार्यान्वयन प्रक्रिया**

- टिम बिल्डिङ्ग कार्यशाला सञ्चालन आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PCMU) ले गर्नेछ ।
- संघीय मन्त्रालय, संघीय सम्बन्धित विभाग तथा अन्तर्गतका कर्मचारीहरु, प्रदेश स्तरीय आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PPCMU) तथा कार्यक्रम कार्यान्वयन इकाईहरू (PIUs) का प्रतिनिधिहरु लगायत अन्य सरोकारवालाहरुबाट सहभागीहरु छनौट गरिनेछ ।
- कार्यशाला सञ्चालनार्थ लागत अनुमान प्रचलित नियमानुसार तयार गरी आयोजना निर्देशकबाट स्वीकृत गरिनेछ ।
- सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली (संशोधन सहित)-२०६४ बमोजिम कार्यालयको जनशक्ति वा सेवा प्रदायक मार्फत होटलमा आवासीय कार्यक्रम सञ्चालन गरिनेछ ।
- कार्यशालामा आयोजना परिचय र समग्र प्रगति साझेदारी, अन्तरक्रियात्मक कार्यहरू (जस्तै ice-breaking, group tasks, role-play exercises), समस्या समाधान र सहकार्य सत्र, समूहगत छलफलद्वारा सिकाइ र अनुभव आदान-प्रदान, साथै भविष्यको कार्ययोजना र सहकार्यका आधारहरू तय गर्ने गतिविधिहरू गरिनेछ। कार्यशालाबाट आएका निष्कर्ष तथा सुझावहरुलाई समेटी अन्तिम प्रतिवेदन तयार गरिनेछ ।
- प्रतिवेदन सहित आधिकारिक बिल भर्पाईका आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ ।
- विनियोजित रकम होटल खर्च, खाजा खर्च, दैनिक भ्रमण भत्ता, यातायात खर्च, इन्धन, आवश्यक सामाग्री खरिद लगायतका विभिन्न शिर्षकमा स्वीकृत लागत अनुमान अनुसार खर्च गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धि**

सहभागीहरूबीच आपसी विश्वास र सहकार्य सुदृढ भई संघीय र प्रादेशिक निकायबीचको समन्वय प्रणाली थप प्रभावकारी भई कर्मचारीहरूको मनोबल र समस्या समाधान क्षमता बढाउँदै आयोजनामा साझा लक्ष्यप्रति टोली-आधारित प्रतिबद्धता वृद्धि भएको हुनेछ।

**जनशक्ति व्यवस्थापन**

| तह | जिम्मेवारी |
|---|---|
| PCMU (DoFSC) | कार्यशाला आयोजना, आवश्यक सामाग्री तयारी, समन्वय र प्रतिवेदन तयारी |
| PPCMU (Province) | सहभागी परिचालन, अनुभव साझेदारी, प्रदेशगत चुनौती प्रस्तुत गर्ने |
| PIUs (SWMO/DFO/WSIEDO/WRIDD/WSSD/PTDPIU) | स्थानीय अनुभव र चुनौती साझेदारी गर्ने, समूहगत अभ्यासमा संलग्न हुने |

**अनुगमन योजना**

- सहभागीहरुको उपस्थिति
- तस्बिर सहितको प्रतिवेदन



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

## २.६ खरिद प्रक्रिया, वित्त व्यवस्थापन, सामाजिक सुरक्षा, एकीकृत प्रतिवेदन तयार सम्बन्धी तालिम

### पृष्ठभूमि

आयोजनाको आयोजना दस्तावेजमा व्यवस्था भए बमोजिमका कार्यक्रमहरु प्रभावकारी ढंगबाट कार्यान्वयन गरी समयमानै लक्ष्य अनुरुप प्रगति हासिल गर्न आयोजनासँग सम्बन्धित संघ तथा प्रदेश अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई खरिद प्रक्रिया (Procurement), वित्त व्यवस्थापन (Financial Management), सामाजिक सुरक्षा (Social Safeguard), र एकीकृत प्रतिवेदन (Integrated Reporting) सम्बन्धी क्षमता, ज्ञान र सीप अभिवृद्धि गर्न अपरिहार्य छ। तालिममा आयोजना कार्यान्वयनका लागि आवश्यक आधारभूत र प्राविधिक विषयवस्तुहरू समेटिनेछन्। खरिद प्रक्रिया अन्तर्गत ADB र सरकारको खरिद नियमावली, contract management, र procurement planning को व्यवहारिक पक्षबारे जानकारी दिइनेछ। वित्त व्यवस्थापन भागमा बजेट प्रवाह प्रणाली, खर्च व्यवस्थापन, CGAS को प्रयोग, वित्तीय प्रतिवेदन तयार गर्ने तरिका र लेखापरीक्षण सम्बन्धी प्रक्रियाहरू समेटिने छन्। सामाजिक सुरक्षा र safeguard सम्बन्धी सत्रमा GESI Action Plan, वातावरणीय तथा सामाजिक safeguard को पालना बारे सीप विकास गरिनेछ। एकीकृत प्रतिवेदन प्रणालीमा वार्षिक प्रतिवेदन, त्रैमासिक तथा मासिक प्रतिवेदन, safeguard monitoring report, GESI reporting र PMIS को प्रयोग सम्बन्धी अभ्यासहरू गरिनेछ।

### उद्देश्य

आयोजना कर्मचारीहरूलाई खरिद प्रक्रिया, वित्त व्यवस्थापन, safeguard तथा ADB को अन्य प्रकिया बारे दक्ष र जानकार बनाउँदै संघ तथा प्रादेशिक स्तरमा एकीकृत प्रतिवेदन तयार गर्ने क्षमता अभिवृद्धि गरी आयोजनाको एकरूप कार्यान्वयन र गुणस्तरीय प्रतिवेदन प्रणाली सुनिश्चित गर्ने।

### कार्यान्वयन प्रक्रिया

- तालिम सञ्चालन आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PCMU) ले गर्नेछ ।
- खरिद प्रक्रिया, वित्त व्यवस्थापन, सामाजिक सुरक्षा, एकीकृत प्रतिवेदन तयार सम्बन्धी तालिम आवश्यक्ता अनुसार पटक पटक सञ्चालन गर्न सकिनेछ ।
- संघीय मन्त्रालय, संघीय सम्बन्धित विभाग तथा अन्तर्गतका कर्मचारीहरु, आयोजनासँग सम्बन्धित विषय विज्ञहरु, प्रदेश स्तरीय आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PPCMU) तथा कार्यक्रम कार्यान्वयन इकाईहरू (PIUs) का खरिद, वित्त, safeguard तथा सामाजिक विकास सम्बन्धी focal person हरू, प्रतिनिधिहरु लगायत अन्य सरोकारवालाहरुबाट सहभागीहरु छनौट गरिनेछ ।
- हरेक तालिमको छुट्टाछुट्टै तालिम सञ्चालनार्थ लागत अनुमान प्रचलित नियमानुसार तयार गरी आयोजना निर्देशकबाट स्वीकृत गरिनेछ ।
- सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली (संशोधन सहित)-२०६४ बमोजिम कार्यालयको जनशक्ति वा सेवा प्रदायक मार्फत होटलमा आवासीय कार्यक्रम सञ्चालन गरिनेछ ।
- सहभागीहरूले प्रस्तुति, समूहगत अभ्यास, केस स्टडी र अनुभव आदान प्रदान मार्फत व्यवहारिक ज्ञान आर्जन गर्ने छन्। तालिमपछि सहभागीहरूले आफ्ना-आफ्ना कार्यक्षेत्रमा प्रतिवेदन तयारी, वित्त व्यवस्थापन, र safeguard कार्यान्वयनमा सुधार ल्याउन तालिममा सिकेका ज्ञान र सीप प्रत्यक्ष रूपमा प्रयोग गर्ने अपेक्षा गरिएको छ। विषयगत तालिमको अन्तिम प्रतिवेदन तयार गरिनेछ ।
- विषयगत प्रतिवेदन सहित आधिकारिक बिल भर्पाईका आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ ।

नेपाल सरकार वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

महानिर्देशक

- विनियोजित रकम होटल खर्च, खाजा खर्च, दैनिक भ्रमण भत्ता, यातायात खर्च, इन्धन, आवश्यक सामाग्री खरिद लगायतका विभिन्न शिर्षकमा स्वीकृत लागत अनुमान अनुसार खर्च गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धि**

तालिम पछि आयोजनाका कर्मचारीहरू खरिद र वित्त व्यवस्थापनमा दक्ष भई GESI र safeguard पालनमा सुधार ल्याउने, संघ तथा प्रादेशिक तहमा एकरूप प्रतिवेदन प्रणाली विकास हुनेछ साथै आयोजना सञ्चालनलाई पारदर्शी, दिगो र प्रभावकारी बनाउनेछ।

**जनशक्ति व्यवस्थापन**

| तह | जिम्मेवारी |
|---|---|
| PCMU (DOFSC) | तालिम आयोजना, सामाग्री विकास, स्रोत व्यक्ति परिचालन, प्रतिवेदन संकलन |
| PPCMU (Province) | सहभागी परिचालन, तालिममा अनुभव साझेदारी, प्रदेशगत प्रतिवेदन प्रणाली प्रस्तुत गर्ने |
| PIUs | खरिद, वित्त, safeguard सम्बन्धी व्यावहारिक अनुभव साझेदारी गर्ने, सिकेका सीपहरू कार्यान्वयन गर्ने |

**अनुगमन योजना**

- सहभागीहरुको उपस्थिति
- तस्बिर सहितको प्रतिवेदन

## २.७ वन तथा वातावरण क्षेत्रको लैङ्गिक समानता, अपाङ्गता मैत्री तथा सामाजिक समावेशीकरण कार्यशाला गोष्ठी

**पृष्ठभूमि**

आयोजनाको कार्यान्वयनमा लैङ्गिक समानता, अपाङ्गता समावेशीकरण तथा सामाजिक समावेशीकरण (Gender Equality, Disability and Social Inclusion–GEDSI) लाई मूलप्रवाहीकरण गर्नु आयोजनाको महत्वपूर्ण प्राथमिकता हो। आयोजना अन्तर्गत सञ्चालन हुने कार्यक्रम तथा पूर्वाधार विकास, वन तथा जलाधार व्यवस्थापन, जीविकोपार्जन प्रवर्द्धन र संस्थागत क्षमता विकासका सबै गतिविधिमा महिला, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाति, विपन्न तथा अन्य लक्षित समुदायको अर्थपूर्ण सहभागिता, पहुँच तथा लाभ सुनिश्चित गर्न आवश्यक छ। यस उद्देश्यले संघ, प्रदेश तथा कार्यक्रम कार्यान्वयन निकायका पदाधिकारी तथा सरोकारवालाहरूबीच साझा बुझाइ विकास गर्न वन तथा वातावरण क्षेत्रको लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यशाला गोष्ठी सञ्चालन गरिनेछ।

**उद्देश्य**

वन तथा वातावरण क्षेत्रका कार्यक्रम तथा आयोजनाहरूमा लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति, कानुनी व्यवस्था तथा आयोजनाको GESI Action Plan कार्यान्वयन सम्बन्धमा सरोकारवालाहरूको ज्ञान, क्षमता तथा समन्वय अभिवृद्धि गरी आयोजना कार्यान्वयनलाई थप समावेशी, उत्तरदायी र परिणाममुखी बनाउने ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

महानिर्देशक

### कार्यान्वयन प्रक्रिया

- आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PCMU) ले कार्यशाला गोष्ठी सञ्चालनार्थ कार्यसूची तथा सहभागीहरूको सूची, लागत अनुमान तयार गरी आयोजना निर्देशकबाट स्वीकृत गर्नेछ।
- संघ, प्रदेश तथा कार्यक्रम कार्यान्वयन इकाई, सम्बन्धित मन्त्रालय, स्थानीय तह तथा अन्य सरोकारवालाहरूको सहभागितामा कार्यशाला गोष्ठी सञ्चालन गरिनेछ।
- सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली (संशोधन सहित)-२०६४ बमोजिम कार्यालयको जनशक्ति वा सेवा प्रदायक मार्फत होटलमा आवासीय कार्यक्रम सञ्चालन गरिनेछ ।
- GEDSI सम्बन्धी नीति, कानुन, आयोजना दस्ताबेज, Action Plan तथा असल अभ्यासका विषयमा प्रस्तुतीकरण, छलफल तथा अन्तरक्रिया गरिनेछ।
- आयोजना कार्यान्वयनका क्रममा देखिएका चुनौती, सिकाइ तथा सुधारका उपायहरूबारे समूहगत छलफल गरी सुझाव संकलन गरिनेछ।
- कार्यशालाबाट प्राप्त सुझावहरूलाई आगामी कार्यक्रम कार्यान्वयन तथा संस्थागत सुधारमा आवश्यकतानुसार समावेश गरिनेछ।
- विषयगत तालिमको अन्तिम प्रतिवेदन तयार गरिनेछ ।
- विषयगत प्रतिवेदन सहित आधिकारिक बिल भर्पाईका आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ ।
- विनियोजित रकम होटल खर्च, खाजा खर्च, दैनिक भ्रमण भत्ता, यातायात खर्च, इन्धन, आवश्यक सामाग्री खरिद लगायतका विभिन्न शिर्षकमा स्वीकृत लागत अनुमान अनुसार खर्च गर्न सकिनेछ ।

### जनशक्ति व्यवस्थापन

| तह | जिम्मेवारी |
|---|---|
| PCMU (DOFSC) | तालिम आयोजना, सामाग्री विकास, स्रोत व्यक्ति परिचालन, प्रतिवेदन संकलन |
| PPCMU (Province) | सहभागी परिचालन, तालिममा अनुभव साझेदारी, प्रदेशगत प्रतिवेदन प्रणाली प्रस्तुत गर्ने |
| PIUs | वन तथा वातावरण क्षेत्रको लैङ्गिक समानता , अपाङ्गता मैत्री तथा सामाजिक समावेशीकरण सम्बन्धी व्यावहारिक अनुभव साझेदारी गर्ने, सिकेका सीपहरू कार्यान्वयन गर्ने |

### अपेक्षित उपलब्धि

कार्यशाला गोष्ठीबाट आयोजना कार्यान्वयनमा संलग्न निकायहरूमा लैङ्गिक समानता, अपाङ्गतामैत्री तथा सामाजिक समावेशीकरण सम्बन्धी साझा बुझाइ र क्षमता अभिवृद्धि हुनेछ। आयोजना गतिविधिहरूमा लक्षित समुदायको अर्थपूर्ण सहभागिता, समान पहुँच तथा लाभ सुनिश्चित गर्न सहयोग पुग्नेछ र GEDSI Action Plan को प्रभावकारी कार्यान्वयनमा टेवा पुग्नेछ।

### अनुगमन योजना

- सहभागीहरुको उपस्थिति
- तालिममा खिचेका तस्बिर सहितको प्रतिवेदन

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं



महानिर्देशक

## २.८ संरक्षण प्रचार प्रसार सामाग्री उत्पादन तथा वितरण

### पृष्ठभूमि

आयोजनाको प्रभावकारिता र दिगोपनालाई मजबुत कायम राख्न जलवायु जोखिम न्यूनीकरण, वातावरणीय संरक्षण, वन व्यवस्थापन, GESI दृष्टिकोण, र सुरक्षित जल/भूमि उपयोग जस्ता विषयहरूमा समुदाय, सरोकारवाला निकाय र आम नागरिकलाई आयोजनाको बारेमा जानकारी दिन, आयोजनासँग सम्बन्धित कार्यरत कर्मचारीहरुको क्षमता अभिवृद्धि, ज्ञान, सीप, अनुभव आदान प्रदान गर्न आवश्यक छ। प्रभावकारी सञ्चार, जनचेतना अभिवृद्धिका लागि संरक्षण प्रचार प्रसार सामाग्री (जस्तैः पोस्टर, ब्रोशर, पम्प्लेट, रेडियो/टिभी, श्रव्यदृष्य सामाग्री, सामाजिक सञ्जाल सामाग्री) उत्पादन तथा वितरण गरिनेछ। सामाग्री उत्पादन गर्दा GESI दृष्टिकोण, भाषा र सांस्कृतिक सन्दर्भलाई विशेष ध्यान दिइनेछ। वितरण प्रक्रियाअन्तर्गत संघीय तहमा नीति-निर्माता, मन्त्रालय र सरोकारवाला संस्थाहरूसम्म, प्रादेशिक तहमा मन्त्रालय, PPCMU र कार्यान्वयन इकाईसम्म र स्थानीय तहमा सामुदायिक समूह, विद्यालय, महिला समूह र आम नागरिकसम्म सामाग्री उपलब्ध गराइनेछ।

### उद्देश्य

वातावरणीय संरक्षण, जलवायु जोखिम न्यूनीकरण, वन व्यवस्थापन र जल स्रोत संरक्षण बारे जनचेतना अभिवृद्धि गर्दै आयोजनाका गतिविधि, उपलब्धि र सिकाइलाई सरोकारवालासम्म प्रभावकारी ढंगले पुऱ्याउने, महिला, दलित, आदिवासी र सीमान्तकृत समुदायलाई लक्षित GESI मैत्री प्रचार प्रसार सामाग्री उत्पादन गर्ने तथा संघीय र प्रादेशिक तहमा एकरूप सन्देश मार्फत आयोजनाको पहिचान सुदृढ गर्ने।

### कार्यान्वयन प्रक्रिया

- आयोजनासँग सम्बन्धित प्रचार प्रसार गर्न सम्भाव्य प्रचार प्रसार सामग्री पहिचान तथा छनौट गरिनेछ ।
- छनौटका आधारमा अवधारणा पत्र र प्रचलित नियमानुसार लागत अनुमान तयार गरी आयोजना निर्देशकबाट स्वीकृत गरिनेछ ।
- प्रचार प्रसार सामाग्री उत्पादन सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली (संशोधन सहित)-२०६४ बमोजिम कार्यालयको जनशक्ति वा सेवा प्रदायक मार्फत गरिनेछ ।
- ब्रोसर, पम्प्लेट, क्यालेन्डर, पोष्टर, आयोजना सम्बन्धि जानकारी पुस्तिका, संरक्षण डायरी, लिफलेट आदि प्रकाशन, रेडियो/टेलिभिजन, डकुमेन्ट्री, डिजिटल इन्फोग्राफिक्स मार्फत संरक्षण सन्देश प्रशारण, श्रव्यदृष्य सामाग्री उत्पादन जस्ता प्रचार प्रसारका कार्यहरु गरिनेछ ।
- उत्पादित प्रचार प्रसारका सामाग्रीहरु स्टोर दाखिला पश्चात् वितरण गरिनेछ ।
- कार्य सम्पन्न पश्चात् प्रतिवेदन सहित आधिकारिक बिल भर्पाईका आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ ।
- विनियोजित रकम दैनिक भ्रमण भत्ता, यातायात खर्च, इन्धन, अन्तरक्रिया/गोष्ठी, आवश्यक सामाग्री खरिद, प्रचार प्रसार सामाग्री प्रकाशन लगायतका विभिन्न शिर्षकमा स्वीकृत लागत अनुमान अनुसार खर्च गर्न सकिनेछ ।

### अपेक्षित उपलब्धि

- आयोजनाको उद्देश्य, गतिविधि र नतिजाबारे सरोकारवालामा स्पष्ट बुझाइ भई समुदायमा जलवायु अनुकूलन, वातावरणीय संरक्षण र दिगो उपयोगबारे चेतना अभिवृद्धि हुनेछ।



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं
महानिर्देशक

- GESI मैत्री सूचनाले महिला, दलित, आदिवासी समुदायमा पहुँच बढ्ने र आयोजनाको पहिचान तथा विश्वसनीयता सुदृढ हुनेछ।

**जनशक्ति व्यवस्थापन**

| तह | जिम्मेवारी |
|---|---|
| PCMU (DoFSC) | प्रचार-प्रसार सामाग्रीको विषयवस्तु अनुमोदन, उत्पादन, डिजाइन, वितरण व्यवस्थापन |
| PPCMU (Province) | प्रदेशगत आवश्यकता पहिचान, वितरणमा सहयोग, प्रतिवेदन संकलन |
| PIUs | स्थानीय तहमा सामाग्री वितरण, समुदायमा सचेतना कार्यक्रमसँग जोड्ने |

**अनुगमन योजना**

- प्रचार प्रसार सामाग्री उत्पादनको संख्या/परिमाण
- सेवा प्रदायकसँगको सम्झौता/कायदिश

## २.९ आयोजना कार्यान्वयन निर्देशिका, कार्यविधि, मापदण्ड लगायत अन्य दस्तावेज तयारी

### पृष्ठभूमि

आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कार्यान्वयन निर्देशिका, कार्यविधि, मापदण्ड र अन्य मार्गदर्शक दस्ताबेजहरू तयार गर्नु अपरिहार्य हुन्छ। संघीय स्तरबाट आयोजना सञ्चालनमा एकरूपता, पारदर्शिता र जवाफदेहिताको सुनिश्चितता गर्नका लागि आयोजनासँग सम्बन्धित दस्ताबेजहरू आयोजना अवधिभर आवश्यकता अनुसार समय-समयमा तयार वा परिमार्जन गरिनेछ।

### उद्देश्य

आयोजनाको कार्यान्वयनलाई संस्थागत रूप दिँदै ADB र GoN का नीति, कानुन तथा प्रक्रियासँग एकरूप गर्ने, प्रादेशिक तथा स्थानीय तहमा सहज कार्यान्वयनका लागि स्पष्ट मार्गनिर्देशन उपलब्ध गराउने र वित्तीय व्यवस्थापन, खरिद, safeguard, GESI तथा प्रतिवेदन प्रणालीमा पारदर्शिता र एकरूपता कायम गर्ने।

### कार्यान्वयन प्रक्रिया

- दस्ताबेज तयारीको नेतृत्व आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PCMU) ले गर्नेछ ।
- प्रारम्भिक चरणमा कानुनी, नीतिगत र प्राविधिक पक्षहरूको समीक्षा गरी आवश्यकताको सूची तयार गरिनेछ ।
- वित्त व्यवस्थापन कार्यविधि, कार्यक्रम कार्यान्वयन कार्यविधि, खरिद मापदण्ड, safeguard मार्गनिर्देशन, GESI मार्गदर्शन र एकीकृत प्रतिवेदन प्रारूप जस्ता विषयहरूसँग सम्बन्धित दस्ताबेजहरु तयार गरिनेछ।
- निर्देशिका, मापदण्ड, कार्यविधि लगायतका नीतिगत दस्ताबेज तयारीका लागि अवधारणा पत्र सहित सोही आधारमा PCMU, PPCMU तथा विज्ञ/परामर्शदाता सम्मिलित कार्यदल गठन गरिनेछ।
- निर्देशिका, मापदण्ड, कार्यविधि तथा अन्य कानूनी दस्ताबेज तयार गर्न सरोकारवाला निकायहरुसँग समन्वय बैठक, कार्यदलको नियमित बैठक, आवश्यकता अनुसार विज्ञसँग परामर्श तथा आवश्यकता अनुरुप कार्यशाला गोष्ठी सहित जानकारी संकलन तथा मस्यौदा तयार गर्नेछ ।



नेपाल सरकार, कृषि, वन तथा पर्यावरण मन्त्रालय, वन तथा भू-संरक्षण विभाग, बबरमहल, काठमाडौं

महानिर्देशक

- विभिन्न सरोकारवाला निकायहरुको सुझाव संकलन गरी मस्यौदालाई अन्तिम रुप दिई स्वीकृतिका लागि पेश गरिनेछ ।
- यस कार्यक्रम अन्तर्गत बैठक भत्ता, दैनिक भ्रमण भत्ता, खाजा, होटल/आवास खर्च, स्टेसनरी, पुस्तक प्रकाशन लगायतका विषयमा स्वीकृत लागत अनुमान बमोजिम बजेट खर्च गर्न सकिनेछ ।

**अपेक्षित उपलब्धि**

आयोजना कार्यान्वयनका लागि एकीकृत निर्देशिका, कार्यविधि र मापदण्ड उपलब्ध भई प्रादेशिक तथा स्थानीय इकाइहरूले समान ढाँचा र प्रक्रिया अनुसार काम गर्न सहयोग पुग्नेछ साथै वित्त, खरिद, safeguard र GESI मा पारदर्शिता तथा जवाफदेहिता बढाउँदै आयोजनालाई दीर्घकालीन रूपमा संस्थागत र दिगो बनाउन सहयोग पुग्नेछ।

**जनशक्ति व्यवस्थापन**

| तह | जिम्मेवारी |
|---|---|
| PCMU (DoFSC) | दस्ताबेजको प्रारम्भिक मस्यौदा तयार गर्ने, छलफल आयोजना गर्ने, अन्तिम अनुमोदन र प्रसारण गर्ने |
| PPCMU (Province) | प्रादेशिक अनुभव र आवश्यकताबारे सुझाव दिने, दस्ताबेज मस्यौदा छलफलमा संलग्न हुने |
| PIUs | स्थानीय कार्यान्वयनका चुनौती र सुझाव उपलब्ध गराउने |

**अनुगमन योजना**

- गठन भएको कार्यदल
- सहभागीहरुको उपस्थिति
- तयार भएको दस्ताबेज

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं



महानिर्देशक

## परिच्छेद ३. प्रदेशबाट सञ्चालन गरिने क्रियाकलापहरु

कर्णाली र सुदूरपश्चिम प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत प्रदेशस्तरीय आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PPCMU) रहेको छ । PPCMU र प्रदेश सरकार मातहत रहेका कार्यक्रम कार्यान्वयन इकाईहरु भू तथा जलाधार व्यवस्थापन कार्यालय, डिभिजन वन कार्यालय, खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय, प्रदेशस्तरीय पर्यटन विकास कार्यक्रम कार्यान्वयन इकाई, जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, खानेपानी तथा सरसफाई डिभिजन कार्यालयहरुबाट सञ्चालन गरिने क्रियाकलापहरुको कार्यक्रम कार्यान्वयन कार्यविधि यस प्रकार रहेको छ ।

### ३.१ Construction of Water Infrastructures (Water Supply Schemes) Civil Works

#### पृष्ठभूमि

आयोजना अन्तर्गत सुरक्षित तथा दिगो खानेपानी सेवामा पहुँच विस्तार गरी जलवायु परिवर्तनका असर न्यूनीकरण, सार्वजनिक स्वास्थ्य सुधार तथा स्थानीय समुदायको जीवनस्तर अभिवृद्धि गर्ने उद्देश्यले उप-आयोजना (New/Contineued Scheme)हरूमा खानेपानी पूर्वाधार निर्माण गरिनेछ। आयोजना क्षेत्रका प्राथमिकताप्राप्त खानेपानी योजनाहरू जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय तथा खानेपानी तथा सरसफाई डिभिजन कार्यालय मार्फत स्वीकृत लागत अनुमान/विस्तृत परियोजना प्रतिवेदन (DPR), वार्षिक कार्यक्रम तथा आयोजना दस्तावेजका आधारमा खुल्ला प्रतिस्पर्धात्मक बोलपत्र मार्फत कार्यान्वयन गरिनेछ।

#### उद्देश्य

- दिगो तथा जलवायु उत्थानशील खानेपानी पूर्वाधार निर्माण गरी सुरक्षित खानेपानी सेवामा पहुँच विस्तार गर्ने,
- खानेपानी आपूर्तिको दिगोपना सुनिश्चित गर्ने,
- स्थानीय समुदायको स्वास्थ्य र जीवनस्तरमा सुधार ल्याउने।

#### कार्यान्वयन प्रक्रिया

- सम्बन्धित कार्यालयले स्वीकृत Detailed Project Report (DPR), लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ ।
- निर्माण कार्य आयोजना दस्तावेज Project Administration Manual (PAM), Procurement Plan, ADB को Procurement Regulations, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम खुल्ला प्रतिस्पर्धात्मक बोलपत्र प्रक्रिया मार्फत खरिद गरिनेछ।
- यस अन्तर्गत इन्टेक, प्रसारण पाइपलाइन, वितरण प्रणाली, रिजर्भोयर ट्याङ्की, ब्रेक प्रेसर ट्याङ्की, पानी संकलन तथा भण्डारण संरचना, सार्वजनिक धारा, पानी शुद्धीकरण सम्बन्धी संरचना तथा खानेपानी प्रणालीसँग सम्बन्धित अन्य स्वीकृत पूर्वाधार निर्माण गर्न सकिनेछ।
- निर्माण कार्यका क्रममा वातावरणीय तथा सामाजिक सुरक्षा (Environmental and Social Safeguards), व्यावसायिक स्वास्थ्य तथा सुरक्षा (OHS) तथा गुणस्तर नियन्त्रण सम्बन्धी मापदण्डको पूर्ण पालना गरिनेछ।
- निर्माण कार्यको नियमित प्राविधिक सुपरिवेक्षण, नापजाँच, गुणस्तर परीक्षण तथा सम्झौताअनुसार कार्यसम्पादनको अनुगमन गरिनेछ।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

- निर्माण कार्य सम्पन्न भएपछि प्राविधिक नापजाँच, कार्य सम्पन्न प्रतिवेदन तयार गरी प्रचलित व्यवस्था अनुसार सम्बन्धित स्थानीय तह वा खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थालाई हस्तान्तरण तथा सञ्चालन व्यवस्थापन गरिनेछ।

**जनशक्ति व्यवस्थापन**

- यस क्रियाकलापको कार्यान्वयन तथा समन्वय सम्बन्धित जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय तथा खानेपानी तथा सरसफाई डिभिजन कार्यालयले गर्नेछन्।
- निर्माण कार्यको डिजाइन, सुपरिवेक्षण तथा गुणस्तर नियन्त्रणका लागि सम्बन्धित कार्यालयका इन्जिनियर, सब-इन्जिनियर तथा अन्य प्राविधिक कर्मचारी परिचालन गरिनेछन्।
- आवश्यकता अनुसार आयोजना व्यवस्थापन सहयोग परामर्शदाता (PMSC) तथा विषयगत परामर्शदाताबाट प्राविधिक सहयोग लिइनेछ।

**अपेक्षित उपलब्धि**

उप-आयोजनामा स्वीकृत डिजाइन तथा प्राविधिक मापदण्डअनुसार गुणस्तरीय खानेपानी पूर्वाधार निर्माण भई सुरक्षित खानेपानी सेवामा पहुँच विस्तार हुनेछ। खानेपानी आपूर्तिको दिगोपना सुनिश्चित भई जलजन्य रोगहरूको जोखिम न्यूनीकरण, समुदायको स्वास्थ्य अवस्था सुधार तथा स्थानीय बासिन्दाको जीवनस्तरमा सकारात्मक प्रभाव पर्नेछ।

**अनुगमन योजना**

- सम्झौता पत्र
- निर्माण गरिएको संरचना
- क्रियाकलाप कार्यान्वयन अगाडी र सम्पन्न पश्चात्को तस्बिरहरु
- लाभान्वित घरधुरी/संख्या ।

### ३.२ Construction of Water Infrastructures (Irrigation Schemes) Civil Works

**पृष्ठभूमि**

जलवायु परिवर्तनका असर न्यूनीकरण गर्दै कृषि उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्न दिगो तथा जलवायु उत्थानशील सिंचाइ पूर्वाधार विकास आवश्यक रहेको छ। आयोजना क्षेत्रका प्राथमिकताप्राप्त उप-आयोजना (New/Contineued Scheme) हरूमा सिँचाइ सेवा विस्तार तथा जलस्रोतको दिगो उपयोग सुनिश्चित गर्न खानेपानी, सिंचाइ तथा ऊर्जा विकास कार्यालय तथा जलश्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालयमार्फत लागत अनुमान/विस्तृत परियोजना प्रतिवेदन (DPR) का आधारमा सिंचाइ पूर्वाधार निर्माण कार्य बोलपत्र प्रक्रियामार्फत कार्यान्वयन गरिनेछ।

**उद्देश्य**

- दिगो तथा जलवायु उत्थानशील सिंचाइ पूर्वाधार निर्माण गरी सिँचाइ सेवामा पहुँच विस्तार गर्ने,
- कृषि उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्ने
- स्थानीय समुदायको जीविकोपार्जनमा सुधार ल्याउने।



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं
नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं
महानिर्देशक

**कार्यान्वयन प्रक्रिया**

- सम्बन्धित कार्यालयले स्वीकृत Detailed Project Report (DPR), लागत अनुमान तयार गरी स्वीकृत गरिनेछ ।
वनमा आधारित जीविकोपार्जन तथा आयआर्जनका अवसरहरू अभिवृद्धि गर्न जडीबुटी तथा अन्य वनजन्य पैदावारको दिगो उपयोग, मूल्य अभिवृद्धि तथा उद्यम विकास आवश्यक रहेको छ। विशेष गरी महिला, विपन्न तथा सीमान्तकृत समुदायको आर्थिक सशक्तीकरणका लागि स्थानीय स्रोतमा आधारित उद्यमशीलता प्रवर्द्धन अपरिहार्य भएकाले सम्बन्धित डिभिजन वन कार्यालय मार्फत जडीबुटी तथा अन्य वनजन्य पैदावारको संकलन, प्रशोधन, मूल्य अभिवृद्धि, बजारीकरण तथा उद्यम सञ्चालन सम्बन्धी तालिम सञ्चालन गरिनेछ।

उद्देश्य

महिला तथा विपन्न समूहहरूको जडीबुटी तथा अन्य वनजन्य पैदावारमा आधारित उद्यम सञ्चालन सम्बन्धी ज्ञान, सीप तथा क्षमता अभिवृद्धि गरी आयआर्जन, रोजगारी सिर्जना तथा दिगो जीविकोपार्जनमा टेवा पुऱ्याउने ।

कार्यान्वयन प्रक्रिया

- डिभिजन वन कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम तथा आवश्यकता अनुसार तालिमको विषयवस्तु, कार्यतालिका र सहभागी छनोट गरिनेछ।
- सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली (संशोधन सहित)-२०६४ बमोजिम कार्यालयको जनशक्ति वा सेवा प्रदायक मार्फत होटलमा आवासीय कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।
- महिला तथा विपन्न समूहका सदस्यहरूलाई प्राथमिकता दिई तालिम सञ्चालन गरिनेछ।
- तालिममा जडीबुटी तथा अन्य वनजन्य पैदावारको दिगो संकलन, प्रशोधन, भण्डारण, मूल्य अभिवृद्धि, उद्यम व्यवस्थापन, वित्तीय साक्षरता तथा बजारीकरण सम्बन्धी विषय समावेश गरिनेछ।
- आवश्यकताअनुसार विषयगत विज्ञ, सफल उद्यमी तथा सम्बन्धित प्राविधिकहरूबाट सैद्धान्तिक तथा व्यावहारिक प्रशिक्षण प्रदान गरिनेछ।
- तालिम सम्पन्न भएपछि सहभागीहरूको मूल्याङ्कन गरी प्रतिवेदन तयार गरिने तथा उद्यम सञ्चालनका लागि आवश्यक प्राविधिक सहजीकरण गरिनेछ।
- प्रतिवेदन सहित आधिकारिक बिल भर्पाईका आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ ।
- विनियोजित रकम होटल खर्च, खाजा खर्च, दैनिक भ्रमण भत्ता, यातायात खर्च, इन्धन, आवश्यक सामाग्री खरिद लगायतका विभिन्न शिर्षकमा स्वीकृत लागत अनुमान अनुसार खर्च गर्न सकिनेछ ।

जनशक्ति व्यवस्थापन

- यस क्रियाकलापको कार्यान्वयन तथा समन्वय सम्बन्धित डिभिजन वन कार्यालयले गर्नेछ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

महानिर्देशक

- तालिम सञ्चालनका लागि कार्यालयका प्राविधिक कर्मचारी, आवश्यकता अनुसार आयोजना व्यवस्थापन सहयोग परामर्शदाता (PMSC) का विषयगत विज्ञ, लघु उद्यम तथा वनजन्य पैदावार सम्बन्धी विशेषज्ञ तथा अन्य सम्बन्धित प्रशिक्षकहरू परिचालन गरिनेछन्।
- कार्यक्रममा महिला तथा विपन्न समूहका सदस्य, सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधि तथा अन्य लक्षित लाभग्राहीहरूको सहभागिता रहनेछ।

**अपेक्षित उपलब्धि**

महिला तथा विपन्न समूहहरूको जडीबुटी तथा अन्य वनजन्य पैदावारमा आधारित उद्यम सञ्चालन सम्बन्धी ज्ञान, सीप तथा क्षमता अभिवृद्धि हुनेछ। वनजन्य पैदावारको दिगो उपयोग, मूल्य अभिवृद्धि तथा बजारीकरणमार्फत स्थानीय स्तरमा आयआर्जन र रोजगारीका अवसर विस्तार हुनेछन्। साथै वनमा आधारित उद्यमको विकासबाट समुदायको जीविकोपार्जन तथा आर्थिक सशक्तीकरणमा योगदान पुग्नेछ।

**अनुगमन योजना**

- सहभागिहरुको उपस्थिति
- तस्बिर सहितको सम्पन्न प्रतिवेदन

## ३.१८कार्यक्रम कार्यान्वयन सहजिकरणका लागि सरोकारवालाहरुसँग अन्तरक्रिया

**पृष्ठभूमि**

डिभिजन वन कार्यालयबाट सञ्चालन हुने वन व्यवस्थापन, जैविक विविधता संरक्षण, जलाधार संरक्षण, जीविकोपार्जन प्रवर्द्धन तथा अन्य आयोजना गतिविधिहरूको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तह, सामुदायिक वन उपभोक्ता समूह, उपभोक्ता समिति, सरोकारवाला निकाय तथा लाभग्राही समुदायबीच समन्वय, सहकार्य र साझा बुझाइ आवश्यक हुन्छ। कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्या समाधान, सूचना आदान-प्रदान तथा सरोकारवालाहरूको सक्रिय सहभागिता सुनिश्चित गर्न डिभिजन वन कार्यालयमार्फत अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।

**उद्देश्य**

आयोजना कार्यान्वयनमा संलग्न सरोकारवालाहरूसँग समन्वय, सहकार्य तथा साझा बुझाइ अभिवृद्धि गरी कार्यक्रमहरूको प्रभावकारी, पारदर्शी तथा समयबद्ध कार्यान्वयन सुनिश्चित गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- डिभिजन वन कार्यालयले आवश्यकताअनुसार अन्तरक्रिया कार्यक्रमको कार्ययोजना, कार्यसूची तथा सहभागीहरूको सूची तयार गरी कार्यक्रम सञ्चालन गरिनेछ।
- अन्तरक्रियामा स्थानीय तह, सामुदायिक वन उपभोक्ता समूह, उपभोक्ता समिति, लाभग्राही, सम्बन्धित सरकारी निकाय, सञ्चार क्षेत्र तथा अन्य सरोकारवालाहरूको सहभागिता सुनिश्चित गरिनेछ।
- आयोजना कार्यान्वयनको प्रगति, चुनौती, समस्या, समाधानका उपाय तथा आगामी कार्ययोजनाका विषयमा छलफल तथा सुझाव संकलन गरिनेछ।
- प्राप्त सुझाव तथा निर्णयहरूलाई आवश्यकतानुसार कार्यक्रम कार्यान्वयनमा समावेश गरी कार्यान्वयनको सहजीकरण गरिनेछ।
- अन्तरक्रिया सम्पन्न भएपछि निर्णय, सुझाव तथा उपलब्धिसहितको प्रतिवेदन तयार गरी अभिलेखीकरण गरिनेछ।



महानिर्देशक

- प्रतिवेदन सहित आधिकारिक बिल भर्पाईका आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ ।
- विनियोजित रकम होटल खर्च, खाजा खर्च, दैनिक भ्रमण भत्ता, यातायात खर्च, इन्धन, आवश्यक सामाग्री खरिद लगायतका विभिन्न शिर्षकमा स्वीकृत लागत अनुमान अनुसार खर्च गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

- यस क्रियाकलापको कार्यान्वयन तथा समन्वय सम्बन्धित डिभिजन वन कार्यालयले गर्नेछ।
- कार्यक्रममा डिभिजन वन कार्यालयका प्रमुख, वन अधिकृत, प्राविधिक कर्मचारी, आवश्यकता अनुसार आयोजना व्यवस्थापन सहयोग परामर्शदाता (PMSC) का विषयगत विज्ञ तथा सम्बन्धित स्थानीय तह, सामुदायिक वन उपभोक्ता समूह, उपभोक्ता समिति र अन्य सरोकारवाला निकायका प्रतिनिधिहरू सहभागी हुनेछन्।
- सरोकारवालाहरूसँग समन्वय, सहकार्य तथा साझा बुझाइ अभिवृद्धि गरी कार्यक्रमहरूको प्रभावकारी, पारदर्शी तथा समयबद्ध कार्यान्वयन सुनिश्चित हुनेछन्।

**अपेक्षित उपलब्धि**

सरोकारवालाहरूबीच प्रभावकारी समन्वय, सहकार्य तथा सूचना आदान-प्रदानमा अभिवृद्धि भई आयोजना कार्यक्रमहरूको गुणस्तरीय, सहभागितामूलक तथा समयबद्ध कार्यान्वयन हुनेछ। साथै कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका समस्या समयमै समाधान भई स्थानीय स्वामित्व, पारदर्शिता तथा आयोजनाको दिगोपना अभिवृद्धि हुनेछ।

**अनुगमन योजना**

- सहभागिहरुको उपस्थिति
- तस्बिर सहितको सम्पन्न प्रतिवेदन

## ३.१९ जलवायु परिवर्तन सम्बन्धी अभिमूखीकरण तालिम (समुह स्तरमा)

**पृष्ठभूमि**

जलवायु परिवर्तनका कारण वन, जलाधार, कृषि, जैविक विविधता तथा स्थानीय समुदायको जीविकोपार्जनमा प्रतिकूल प्रभाव बढ्दै गएको छ। जलवायु परिवर्तनका असर, अनुकूलनका उपाय तथा प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापन सम्बन्धी समुदायस्तरमा जनचेतना तथा क्षमता अभिवृद्धि गर्नु आवश्यक छ। यस उद्देश्यले जलवायु उत्थानशील भू-परिधी तथा जीविकोपार्जन आयोजना अन्तर्गत सम्बन्धित डिभिजन वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह, वन व्यवस्थापन समूह तथा स्थानीय समुदायलाई लक्षित गरी जलवायु परिवर्तन सम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ।

**उद्देश्य**

समुदायस्तरमा जलवायु परिवर्तनका प्रभाव, अनुकूलनका उपाय तथा वन तथा प्राकृतिक स्रोतहरूको जलवायु उत्थानशील व्यवस्थापन सम्बन्धी ज्ञान, सचेतना तथा क्षमता अभिवृद्धि गरी समुदायको जलवायु उत्थानशीलता सुदृढ गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

- डिभिजन वन कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम अनुसार लक्षित समूह, तालिमको विषयवस्तु तथा कार्यतालिका तयार गरी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

- सामुदायिक वन उपभोक्ता समूह, वन व्यवस्थापन समूह, महिला समूह तथा अन्य स्थानीय सरोकारवालाहरूको सहभागिता सुनिश्चित गरिनेछ।
- तालिममा जलवायु परिवर्तनका कारण, असर, अनुकूलनका उपाय, जलवायु उत्थानशील वन व्यवस्थापन, वन डढेलो न्यूनीकरण, जैविक विविधता संरक्षण तथा समुदायको भूमिकाका विषयमा अभिमुखीकरण गरिनेछ।
- सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली (संशोधन सहित)-२०६४ बमोजिम कार्यालयको जनशक्ति वा सेवा प्रदायक मार्फत होटलमा आवासीय कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रतिवेदन सहित आधिकारिक बिल भर्पाईका आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ ।
- विनियोजित रकम होटल खर्च, खाजा खर्च, दैनिक भ्रमण भत्ता, यातायात खर्च, इन्धन, आवश्यक सामाग्री खरिद लगायतका विभिन्न शिर्षकमा स्वीकृत लागत अनुमान अनुसार खर्च गर्न सकिनेछ ।
- सहभागीहरूसँग अनुभव आदान-प्रदान, समूह छलफल तथा स्थानीय अनुकूलन अभ्यासहरू बारे अन्तरक्रिया सञ्चालन गरिने गरिनेछ।
- तालिम सम्पन्न भएपछि प्रतिवेदन तयार गरी प्राप्त सुझाव तथा सिकाइलाई आगामी कार्यक्रम कार्यान्वयनमा समावेश गरिनेछ।

**जनशक्ति व्यवस्थापन**

- यस क्रियाकलापको कार्यान्वयन तथा समन्वय सम्बन्धित डिभिजन वन कार्यालयले गर्नेछ।
- तालिम सञ्चालनका लागि कार्यालयका प्राविधिक कर्मचारी, आवश्यकता अनुसार आयोजना व्यवस्थापन सहयोग परामर्शदाता (PMSC) का विषयगत विज्ञ तथा अन्य सम्बन्धित प्रशिक्षकहरू परिचालन गरिनेछन्।

**अपेक्षित उपलब्धि**

समुदायस्तरमा जलवायु परिवर्तनका प्रभाव तथा अनुकूलनका उपाय सम्बन्धी ज्ञान र सचेतनामा अभिवृद्धि हुनेछ। समुदायले जलवायु उत्थानशील वन तथा प्राकृतिक स्रोत व्यवस्थापनका अभ्यासहरू अवलम्बन गर्न सक्षम हुनेछन् र आयोजना कार्यक्रमहरूको प्रभावकारी तथा दिगो कार्यान्वयनमा स्थानीय सहभागिता तथा स्वामित्व अभिवृद्धि हुनेछ।

**अनुगमन योजना**

- सहभागिहरुको उपस्थिति
- तस्बिर सहितको सम्पन्न प्रतिवेदन

## ३.२० वन डढेलो न्यूनीकरण सम्बन्धी फिल्ड अभ्यास (समूह स्तरमा डढेलो सप्ताह मनाउने)

**पृष्ठभूमि**

जलवायु परिवर्तन, लामो खडेरी तथा मानवीय गतिविधिका कारण वन डढेलोको जोखिम तथा घटनामा वृद्धि हुँदै गएको छ, जसले वन, जैविक विविधता, जलाधार, वन्यजन्तु तथा स्थानीय समुदायको जीविकोपार्जनमा प्रतिकूल असर पुऱ्याइरहेको छ। वन डढेलो न्यूनीकरणका लागि समुदायमा आधारित रोकथाम, पूर्वतयारी तथा शीघ्र नियन्त्रण प्रणालीलाई सुदृढ बनाउन आवश्यक छ। यस उद्देश्यले जलवायु उत्थानशील भू-परिधी तथा जीविकोपार्जन आयोजना अन्तर्गत डिभिजन वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह तथा स्थानीय समुदायको सहभागितामा वन डढेलो सप्ताह मनाउने तथा फिल्ड अभ्यास सञ्चालन गरिनेछ।



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

महानिर्देशक

### उद्देश्य

- वन डढेलो न्यूनीकरण सम्बन्धी जनचेतना अभिवृद्धि गर्नु, वन डढेलो रोकथाम तथा नियन्त्रणका व्यावहारिक सीप विकास गर्ने
- समुदायको सक्रिय सहभागिता मार्फत वन डढेलो व्यवस्थापनलाई प्रभावकारी बनाउने ।

### कार्यान्वयन प्रक्रिया

- डिभिजन वन कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम अनुसार वन डढेलो सप्ताह मनाउने तथा फिल्ड अभ्यासको कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ।
- सामुदायिक वन उपभोक्ता समूह, स्थानीय तह, सुरक्षा निकाय, विद्यालय तथा अन्य सरोकारवालाहरूको सहभागितामा जनचेतनामूलक कार्यक्रम तथा फिल्ड अभ्यास सञ्चालन गरिनेछ।
- वन डढेलो रोकथाम, प्रारम्भिक नियन्त्रण, सुरक्षित आगो व्यवस्थापन, फायरलाइन निर्माण तथा आपतकालीन प्रतिकार्य सम्बन्धी व्यावहारिक अभ्यास गराइनेछ।
- डढेलो जोखिमयुक्त क्षेत्रको पहिचान, पूर्वतयारी तथा समुदायमा आधारित वन डढेलो व्यवस्थापनका उपायहरूबारे छलफल तथा अभिमुखीकरण गरिनेछ।
- कार्यक्रम सम्पन्न भएपछि प्रतिवेदन तयार गरी प्राप्त सिकाइ तथा सुझावलाई आगामी कार्ययोजनामा समावेश गरिनेछ।
- प्रतिवेदन सहित आधिकारिक बिल भर्पाईका आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ ।
- विनियोजित रकम होटल खर्च, खाजा खर्च, दैनिक भ्रमण भत्ता, यातायात खर्च, इन्धन, आवश्यक सामाग्री खरिद लगायतका विभिन्न शिर्षकमा स्वीकृत लागत अनुमान अनुसार खर्च गर्न सकिनेछ ।

### जनशक्ति व्यवस्थापन

- यस क्रियाकलापको कार्यान्वयन तथा समन्वय सम्बन्धित डिभिजन वन कार्यालयले गर्नेछ।
- कार्यक्रममा डिभिजन वन कार्यालयका प्राविधिक कर्मचारी, वन रक्षक, आवश्यकता अनुसार आयोजना व्यवस्थापन सहयोग परामर्शदाता (PMSC) का विषयगत विज्ञ, स्थानीय तहका प्रतिनिधि, सुरक्षा निकाय, सामुदायिक वन उपभोक्ता समूह तथा स्थानीय स्वयंसेवकहरूको सहभागिता रहनेछ।

### अपेक्षित उपलब्धि

वन डढेलो रोकथाम तथा नियन्त्रण सम्बन्धी समुदायको ज्ञान, सीप तथा सचेतनामा अभिवृद्धि हुनेछ। सामुदायिक वन उपभोक्ता समूह तथा सरोकारवालाहरूको सक्रिय सहभागितामा वन डढेलोको जोखिम न्यूनीकरण, शीघ्र प्रतिकार्य क्षमता विकास तथा वन तथा जैविक विविधताको संरक्षणमा सहयोग पुग्नेछ।

### अनुगमन योजना

- सहभागिहरुको उपस्थिति
- तस्बिर सहितको सम्पन्न प्रतिवेदन

## ३.२१ कम खर्चिलो भू संरक्षण प्रविधि तालिम

### पृष्ठभूमि

जलवायु परिवर्तन, अव्यवस्थित भू-उपयोग तथा प्राकृतिक प्रकोपका कारण भू-क्षय, माटो कटान तथा पहिरोको समस्या बढ्दै गएको छ। यस्ता समस्याको न्यूनीकरणका लागि स्थानीय स्रोत, साधन तथा श्रममा



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

महानिर्देशक

आधारित कम खर्चिलो र दिगो भू-संरक्षण प्रविधिहरूको प्रयोग प्रभावकारी मानिन्छ। जलवायु उत्थानशील भू-परिधी तथा जीविकोपार्जन आयोजना अन्तर्गत सञ्चालन हुने भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि कार्यक्रम कार्यान्वयन निकाय, स्थानीय तह, उपभोक्ता समूह तथा लाभग्राहीहरूको क्षमता अभिवृद्धि गर्न सम्बन्धित भू तथा जलाधार व्यवस्थापन कार्यालय मार्फत यो तालिम सञ्चालन गरिनेछ।

### उद्देश्य

कम खर्चिलो भू-संरक्षण प्रविधिहरूको प्रयोग, निर्माण तथा व्यवस्थापन सम्बन्धी प्राविधिक ज्ञान, सीप र क्षमता अभिवृद्धि गरी भू-क्षय तथा पहिरो नियन्त्रण, जलाधार संरक्षण तथा प्राकृतिक स्रोतको दिगो व्यवस्थापनमा सहयोग पुऱ्याउने।

### कार्यान्वयन प्रक्रिया

- भू तथा जलाधार व्यवस्थापन कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम तथा आवश्यकता अनुसार तालिमको विषयवस्तु, कार्यतालिका र सहभागीहरूको सूची स्वीकृत गरिनेछ।
- सम्बन्धित विषयगत प्राविधिक, आयोजना व्यवस्थापन सहयोग परामर्शदाता (PMSC) तथा आवश्यक प्रशिक्षकहरूको सहजीकरणमा तालिम सञ्चालन गरिनेछ।
- तालिममा कार्यक्रम कार्यान्वयन इकाई, स्थानीय तह, उपभोक्ता समूह तथा लाभग्राही समुदायका प्रतिनिधिहरूलाई सहभागी गराइनेछ।
- तालिममा ब्रसवुड चेकड्याम, भेटिभर तथा अन्य घाँस रोपण, जैविक इन्जिनियरिङ, ढल निकास व्यवस्थापन, ढिस्को स्थिरीकरण तथा अन्य कम खर्चिला भू-संरक्षण प्रविधिहरूको सैद्धान्तिक तथा व्यावहारिक प्रशिक्षण प्रदान गरिनेछ।
- तालिम सम्पन्न भएपछि सहभागीहरूको मूल्याङ्कन गरी प्रतिवेदन तयार गरिने तथा सिकेका प्रविधिहरू आयोजना कार्यान्वयनमा प्रयोग गरिनेछ।
- अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका २०८१ बमोजिम लागत अनुमान तयार गरी कार्यालय प्रमुखबाट स्वीकृत गरिनेछ।
- तालिम सञ्चालन होटल वा आवासीय रुपमा सञ्चालन गर्नुपर्ने भएमा खाजा, खाना र आवासका लागि सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली-२०६४ (संशोधन सहित) बमोजिम कोटेशन मार्फत वा कार्यालयको जनशक्ति मार्फत गरिनेछ । कम खर्चिलो प्रविधिमा प्रयोग हुने सामाग्री खरिद सेवा प्रदायक मार्फत गरिनेछ ।
- तालिममा प्रशिक्षकबाट कार्य पत्र प्रस्तुत तथा आवश्यक्ता अनुसार फिल्ड अभ्यास गर्न सकिनेछ ।
- तालिममा भएका प्रस्तुतिकरण, छलफल, सुझावहरुलाई समेटी तालिम प्रतिवेदन तयार गरिनेछ ।
- तालिम प्रतिवेदनसहित आधिकारिक बिलभर्पाईका आधारमा अन्तिमरकम भूक्तानी गरिनेछ।
- विनियोजित रकम कम खर्चिलो प्रविधिमा प्रयोग हुने सामाग्री, सहभागीका लागि दैनिक भ्रमण भत्ता, खाजा, खाना, हल भाडा, प्रशिक्षक भत्ता, प्रशिक्षण सामाग्री, प्रमाणपत्र लगायतका विभिन्न शिर्षकमा स्वीकृत लागत अनुमान अनुसार खर्च गर्न सकिनेछ।

### जनशक्ति व्यवस्थापन

- यस क्रियाकलापको कार्यान्वयन तथा समन्वय सम्बन्धित भू तथा जलाधार व्यवस्थापन कार्यालयले गर्नेछ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

महानिर्देशक

- तालिम सञ्चालनका लागि कार्यालयका प्राविधिक कर्मचारी, आयोजना व्यवस्थापन सहयोग परामर्शदाता (PMSC) का सम्बन्धित विज्ञ तथा आवश्यकतानुसार अन्य विषयगत प्रशिक्षकहरू परिचालन गरिनेछन्।

**अपेक्षित उपलब्धि**

कम खर्चिलो भू-संरक्षण प्रविधिहरू सम्बन्धी कार्यक्रम कार्यान्वयन निकाय तथा लाभग्राहीहरूको ज्ञान, सीप र क्षमता अभिवृद्धि हुनेछ। स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गरी भू-क्षय तथा पहिरो नियन्त्रण, जलाधार संरक्षण तथा प्राकृतिक स्रोत व्यवस्थापनका कार्यहरू प्रभावकारी, किफायती र दिगो रूपमा कार्यान्वयन हुनेछन्।

**अनुगमन योजना**

- सहभागिहरुको उपस्थिति
- तस्बिर सहितको सम्पन्न प्रतिवेदन

## ३.२२ समूह सहजीकरण (गठन, अनुगमन, सा.ले.प समेत)

**पृष्ठभूमि**

आयोजना अन्तर्गत सञ्चालन हुने जलाधार व्यवस्थापन, वन संरक्षण, जैविक भू-संरक्षण तथा जीविकोपार्जन प्रवर्द्धनका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन तथा दिगोपनाका लागि स्थानीय समुदायको सक्रिय सहभागिता अपरिहार्य हुन्छ। आयोजना कार्यक्रमहरूको प्रभावकारी सञ्चालन, स्वामित्व अभिवृद्धि, पारदर्शिता, जवाफदेहिता तथा दिगोपना सुनिश्चित गर्न लाभग्राही समूहहरूको गठन, परिचालन, क्षमता अभिवृद्धि, नियमित अनुगमन तथा सामाजिक लेखापरीक्षण (Social Audit) सञ्चालन गर्न आवश्यक भएकाले भू तथा जलाधार व्यवस्थापन कार्यालयमार्फत यो क्रियाकलाप सञ्चालन गरिनेछ।

**उद्देश्य**

आयोजना अन्तर्गत गठनहुने लाभग्राही समूहहरूको संस्थागत क्षमता अभिवृद्धि गरी कार्यक्रम कार्यान्वयनमा समुदायको सक्रिय सहभागिता, पारदर्शिता, जवाफदेहिता तथा दिगोपना सुनिश्चित गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- आयोजना कार्यक्षेत्रभित्र आवश्यकता अनुसार लाभग्राही समूह गठन वा विद्यमान समूहलाई परिचालन गरिनेछ।
- समूहका पदाधिकारी तथा सदस्यहरूको क्षमता अभिवृद्धिका लागि आवश्यक अभिमुखीकरण तथा सहजीकरण गरिनेछ।
- समूहका नियमित बैठक, निर्णय प्रक्रिया, अभिलेख व्यवस्थापन तथा कार्यक्रम कार्यान्वयनमा प्राविधिक सहजीकरण गरिनेछ।
- समूहमार्फत सञ्चालित कार्यक्रमहरूको नियमित अनुगमन तथा आवश्यक प्राविधिक परामर्श प्रदान गरिनेछ।
- प्रचलित कानुन तथा आयोजना कार्यविधिबमोजिम सामाजिक लेखापरीक्षण सम्पन्न गरी प्राप्त सुझावहरू कार्यान्वयनमा समावेश गरिनेछ।
- समूहको कार्यसम्पादन तथा उपलब्धिको अभिलेखीकरण गरी आवधिक प्रतिवेदन तयार गरिनेछ।
- प्रतिवेदन सहित आधिकारिक बिल भर्पाईका आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ ।



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

महानिर्देशक

- विनियोजित रकम होटल खर्च, खाजा खर्च, दैनिक भ्रमण भत्ता, यातायात खर्च, इन्धन, आवश्यक सामाग्री खरिद लगायतका विभिन्न शिर्षकमा स्वीकृत लागत अनुमान अनुसार खर्च गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

- यस क्रियाकलापको कार्यान्वयन तथा समन्वय सम्बन्धित भू तथा जलाधार व्यवस्थापन कार्यालयले गर्नेछ। कार्यालयका प्रमुख, जलाधार व्यवस्थापन अधिकृत, वन अधिकृत, सामाजिक परिचालक तथा अन्य सम्बन्धित प्राविधिक कर्मचारीहरू आवश्यकतानुसार परिचालन गरिनेछन्।
- आवश्यकता अनुसार स्थानीय तह, वडा कार्यालय तथा अन्य सरोकारवाला निकायसँग समन्वय र सहकार्य गरिनेछ।

**अपेक्षित उपलब्धि**

लाभग्राही समूहहरूको संस्थागत क्षमता सुदृढ भई आयोजना कार्यक्रमहरूको प्रभावकारी तथा सहभागितामूलक कार्यान्वयन हुनेछ। समूहमा सुशासन, पारदर्शिता र जवाफदेहिता अभिवृद्धि हुनुका साथै सामाजिक लेखापरीक्षणमार्फत कार्यक्रमको गुणस्तर र दिगोपना सुनिश्चित हुनेछ। साथै समुदायको स्वामित्व र सहभागिता वृद्धि भई आयोजना उपलब्धिहरू दीगो रूपमा व्यवस्थापन हुनेछन्।

**अनुगमन योजना**

- सहभागिहरुको उपस्थिति
- तस्बिर सहितको सम्पन्न प्रतिवेदन

## ३.२३ समन्वय बैठक

**पृष्ठभूमि**

जलवायु उत्थानशील भू-परिधी तथा जीविकोपार्जन आयोजना बहु-क्षेत्रीय तथा बहु-निकायको समन्वयमा कार्यान्वयन हुने आयोजना भएकाले कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, प्रगति समीक्षा, समस्या समाधान तथा आगामी कार्ययोजनामा साझा समझदारी कायम गर्न नियमित समन्वय बैठक आवश्यक हुन्छ। आयोजना अन्तर्गत सञ्चालन हुने कार्यक्रमहरूलाई प्रभावकारी, समन्वयात्मक तथा परिणाममुखी बनाउन सम्बन्धित भू तथा जलाधार व्यवस्थापन कार्यालयको समन्वयमा सम्बन्धित सरोकारवाला निकायहरूसँग समन्वय बैठक सञ्चालन गरिनेछ।

**उद्देश्य**

आयोजना कार्यान्वयनमा संलग्न निकायहरूबीच समन्वय, सहकार्य तथा सूचना आदान—प्रदान अभिवृद्धि गरी कार्यक्रम कार्यान्वयनमा देखिएका समस्या समाधान, निर्णय कार्यान्वयन तथा कार्यसम्पादनलाई प्रभावकारी बनाउने ।

**कार्यान्वयन प्रक्रिया**

- भू तथा जलाधार व्यवस्थापन कार्यालयले आवश्यकता अनुसार समन्वय बैठकको कार्यसूची, मिति तथा सहभागी निर्धारण गरी बैठक आयोजना गरिनेछ।
- बैठकमा आयोजना कार्यान्वयनको प्रगति, चुनौती, समस्या, समाधानका उपाय तथा आगामी कार्ययोजनामाथि छलफल गरिनेछ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

महानिर्देशक

- आवश्यकता अनुसार स्थानीय तह, कार्यक्रम कार्यान्वयन इकाई, उपभोक्ता समिति तथा अन्य सम्बन्धित सरोकारवाला निकायका प्रतिनिधिहरूलाई सहभागी गराइनेछ।
- बैठकबाट भएका निर्णयहरूको अभिलेखीकरण गरी सम्बन्धित निकायबाट कार्यान्वयन गराइनेछ।
- बैठक सम्पन्न भएपछि निर्णय तथा कार्ययोजनासहितको प्रतिवेदन तयार गरी अभिलेखीकरण गरिनेछ।
- प्रतिवेदन सहित आधिकारिक बिल भर्पाईका आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ ।
- विनियोजित रकम होटल खर्च, खाजा खर्च, दैनिक भ्रमण भत्ता, यातायात खर्च, इन्धन, आवश्यक सामाग्री खरिद लगायतका विभिन्न शिर्षकमा स्वीकृत लागत अनुमान अनुसार खर्च गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

- यस क्रियाकलापको कार्यान्वयन तथा समन्वय सम्बन्धित भू तथा जलाधार व्यवस्थापन कार्यालयले गर्नेछ।
- बैठकमा कार्यालयका प्रमुख, सम्बन्धित प्राविधिक कर्मचारी, स्थानीय तहका प्रतिनिधि, कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित सरोकारवाला निकाय तथा आवश्यकता अनुसार प्रदेशस्तरीय आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PPCMU) र आयोजना व्यवस्थापन सहयोग परामर्शदाता (PMSC) का प्रतिनिधिहरू सहभागी हुनेछन्।

**अपेक्षित उपलब्धि**

सम्बन्धित निकायहरूबीच प्रभावकारी समन्वय, सहकार्य तथा सूचना आदान–प्रदानमा अभिवृद्धि हुनेछ। आयोजना कार्यान्वयनका क्रममा देखिएका समस्या समयमै समाधान भई कार्यक्रम कार्यान्वयन थप प्रभावकारी, गुणस्तरीय तथा समयबद्ध हुनेछ। साथै बैठकका निर्णयहरूको प्रभावकारी कार्यान्वयनमार्फत आयोजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न सहयोग पुग्नेछ।

**अनुगमन योजना**

- सहभागिहरुको उपस्थिति
- बैठकको माइनुट

## ३.२४ आयोजना कार्यान्वयनका लागि सरोकारवालाहरुसँग सहजीकरण

**पृष्ठभूमि**

जलवायु उत्थानशील भू-परिधी तथा जीविकोपार्जन आयोजना बहु-निकाय, बहु-क्षेत्र तथा बहु-सरोकारवालाको समन्वयमा कार्यान्वयन हुने आयोजना भएकाले यसको प्रभावकारी कार्यान्वयनका लागि संघ, प्रदेश, स्थानीय तह, समुदाय, उपभोक्ता समूह तथा अन्य सम्बन्धित निकायहरूबीच निरन्तर समन्वय, सहकार्य तथा सहजीकरण आवश्यक हुन्छ। आयोजना अन्तर्गत स्वीकृत कार्यक्रमहरू समयमै, गुणस्तरीय तथा प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बन्धित भू तथा जलाधार व्यवस्थापन कार्यालय मार्फत सरोकारवालाहरूसँग आवश्यक समन्वय तथा सहजीकरण गरिनेछ।

**उद्देश्य**

आयोजना कार्यान्वयनमा संलग्न सरोकारवाला निकायहरूबीच प्रभावकारी समन्वय, सहकार्य तथा सहभागिता अभिवृद्धि गरी कार्यक्रमहरूको सहज, समयबद्ध तथा गुणस्तरीय कार्यान्वयन सुनिश्चित गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- आयोजना कार्यान्वयनसँग सम्बन्धित स्थानीय तह, उपभोक्ता समूह, सामुदायिक संस्था तथा अन्य सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय तथा सहजीकरण गरिनेछ।
- आयोजना कार्यान्वयनका क्रममा देखिएका समस्या, चुनौती तथा अवरोधहरूको समाधानका लागि आवश्यक छलफल, समन्वय तथा सहजीकरण गरिनेछ।
- आयोजना कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, लाभग्राहीको सहभागिता तथा निर्णय कार्यान्वयनका लागि आवश्यक परामर्श तथा प्राविधिक सहजीकरण प्रदान गरिनेछ।
- सरोकारवाला निकायहरूबाट प्राप्त सुझाव तथा प्रतिपुष्टिलाई आवश्यकतानुसार आयोजना कार्यान्वयनमा समावेश गरिनेछ।
- सहजीकरणबाट भएका निर्णय, सहमति तथा प्रगतिको अभिलेखीकरण गरी आवश्यक प्रतिवेदन तयार गरिनेछ।
- प्रतिवेदन सहित आधिकारिक बिल भर्पाईका आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ ।
- विनियोजित रकम होटल खर्च, खाजा खर्च, दैनिक भ्रमण भत्ता, यातायात खर्च, इन्धन, आवश्यक सामाग्री खरिद लगायतका विभिन्न शिर्षकमा स्वीकृत लागत अनुमान अनुसार खर्च गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

- यस क्रियाकलापको कार्यान्वयन तथा समन्वय सम्बन्धित भू तथा जलाधार व्यवस्थापन कार्यालयले गर्नेछ।
- कार्यालयका प्रमुख, सम्बन्धित प्राविधिक कर्मचारी तथा आवश्यकतानुसार आयोजना व्यवस्थापन सहयोग परामर्शदाता (PMSC) का विषयगत विज्ञहरू परिचालन गरिनेछन्।
- आवश्यकता अनुसार स्थानीय तह, उपभोक्ता समिति, सामुदायिक वन उपभोक्ता समूह तथा अन्य सम्बन्धित सरोकारवाला निकायका प्रतिनिधिहरू सहभागी हुनेछन्।

**अपेक्षित उपलब्धि**

सरोकारवाला निकायहरूबीच प्रभावकारी समन्वय, सहकार्य तथा सहभागिता अभिवृद्धि भई आयोजना कार्यक्रमहरूको समयमै, गुणस्तरीय तथा प्रभावकारी कार्यान्वयन हुनेछ। साथै कार्यान्वयनका क्रममा देखिएका समस्या समयमै समाधान भई समुदायको स्वामित्व, पारदर्शिता तथा आयोजनाको दिगोपनामा अभिवृद्धि हुनेछ।

**अनुगमन योजना**

- सहभागिहरुको उपस्थिति
- बैठकको माइनुट
- तस्बिर सहितको सम्पन्न प्रतिवेदन

## ३.२५ एकीकृत जलाधार व्यवस्थापन (दिगो वन विकास) सम्बन्धि तालिम

**पृष्ठभूमि**

जलाधार संरक्षण, दिगो वन व्यवस्थापन, भू-क्षय तथा पहिरो नियन्त्रण, जलस्रोत संरक्षण तथा समुदायमा आधारित प्राकृतिक स्रोत व्यवस्थापनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बन्धित निकायहरूको प्राविधिक क्षमता अभिवृद्धि आवश्यक रहेको छ। एकीकृत जलाधार व्यवस्थापनको अवधारणा, दिगो वन



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं
नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं
महानिर्देशक

विकास, प्रकृतिमा आधारित समाधान (Nature-based Solutions), जलवायु उत्थानशील भू-व्यवस्थापन तथा समुदायको सहभागितामूलक वन तथा जलाधार व्यवस्थापन सम्बन्धी ज्ञान र सीप विकास गर्न प्रदेशस्तरीय आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PPCMU) मार्फत यो तालिम सञ्चालन गरिनेछ।

### उद्देश्य

कार्यक्रम कार्यान्वयन इकाई, स्थानीय तह तथा सम्बन्धित सरोकारवालाहरूको एकीकृत जलाधार व्यवस्थापन, दिगो वन विकास तथा जलवायु उत्थानशील प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी प्राविधिक ज्ञान, सीप तथा क्षमता अभिवृद्धि गरी आयोजना कार्यक्रमहरूको प्रभावकारी तथा दिगो कार्यान्वयनमा सहयोग पुऱ्याउने।

### कार्यान्वयन प्रक्रिया

- PPCMU ले वार्षिक स्वीकृत कार्यक्रम तथा आवश्यकता अनुसार तालिमको विषयवस्तु, कार्यतालिका र सहभागीहरूको सूची स्वीकृत गरिनेछ।
- आयोजना व्यवस्थापन सहयोग परामर्शदाता (PMSC) तथा सम्बन्धित विषयगत विज्ञहरूको सहजीकरणमा तालिम सञ्चालन गरिनेछ।
- तालिममा कार्यक्रम कार्यान्वयन इकाई (PIUs), स्थानीय तह, सामुदायिक वन उपभोक्ता समूह तथा सम्बन्धित सरोकारवाला निकायका प्रतिनिधिहरूलाई सहभागी गराइनेछ।
- तालिममा एकीकृत जलाधार व्यवस्थापन, दिगो वन विकास, भू-संरक्षण, जलस्रोत संरक्षण, जैविक विविधता संरक्षण, प्रकृतिमा आधारित समाधान तथा जलवायु उत्थानशील व्यवस्थापनका विषयहरू समावेश गरिनेछ।
- तालिम सम्पन्न भएपछि सहभागीहरूको मूल्याङ्कन गरी प्रतिवेदन तयार गरिने तथा प्राप्त सिकाइलाई आयोजना कार्यान्वयनमा आवश्यकतानुसार प्रयोग गरिनेछ।
- तालिम सञ्चालन होटल वा आवासीय रुपमा सञ्चालन गर्नुपर्ने भएमा खाजा, खाना र आवासका लागि सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली-२०६४ (संशोधन सहित) बमोजिम कोटेशन मार्फत वा कार्यालयको जनशक्ति मार्फत गरिनेछ ।
- तालिममा प्रशिक्षकबाट कार्य पत्र प्रस्तुत तथा आवश्यक्ता अनुसार फिल्ड अभ्यास गर्न सकिनेछ ।
- तालिममा भएका प्रस्तुतिकरण, छलफल, सुझावहरुलाई समेटी तालिम प्रतिवेदन तयार गरिनेछ ।
- तालिम प्रतिवेदन सहित आधिकारिक बिल भर्पाईका आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ ।
- विनियोजित रकम तालिमका लागि आवश्यक पर्ने सामाग्री तथा उपकरण खरिद, सहभागीका लागि दैनिक भ्रमण भत्ता, यातायात खर्च, इन्धन, होटल खर्च, खाजा, खाना, हल भाडा, प्रशिक्षक भत्ता, प्रशिक्षण सामाग्री, प्रमाणपत्र लगायतका विभिन्न शिर्षकमा स्वीकृत लागत अनुमान अनुसार खर्च गर्न सकिनेछ ।

### जनशक्ति व्यवस्थापन

- यस क्रियाकलापको समन्वय प्रदेशस्तरीय आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PPCMU) ले गर्नेछ।
- तालिम सञ्चालनका लागि आयोजना व्यवस्थापन सहयोग परामर्शदाता (PMSC) अन्तर्गतका जलाधार तथा वन व्यवस्थापन विशेषज्ञ, PPCMU का प्राविधिक कर्मचारी, वन तथा भू-संरक्षण विभाग,



महानिर्देशक

सम्बन्धित कार्यालयका प्राविधिक तथा आवश्यकतानुसार अन्य विषयगत प्रशिक्षकहरू परिचालन गरिनेछन्।

**अपेक्षित उपलब्धि**

यस तालिमबाट कार्यक्रम कार्यान्वयनमा संलग्न निकायहरूको एकीकृत जलाधार व्यवस्थापन, दिगो वन विकास, भू-संरक्षण तथा प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी ज्ञान, सीप तथा क्षमता अभिवृद्धि हुनेछ। आयोजना अन्तर्गत सञ्चालित वन तथा जलाधार व्यवस्थापन कार्यक्रमहरू गुणस्तरीय, जलवायु उत्थानशील तथा दिगो रूपमा कार्यान्वयन हुनेछन्, साथै प्राकृतिक स्रोत संरक्षण र समुदायको जीविकोपार्जनमा सकारात्मक योगदान पुग्नेछ।

**अनुगमन योजना**

- सहभागिहरुको उपस्थिति
- तस्बिर सहितको सम्पन्न प्रतिवेदन

## ३.२६ खानेपानी तथा सिंचाई व्यवस्थापन (Solar lift) सम्बन्धि तालिम

**पृष्ठभूमि**

जलवायु परिवर्तनका कारण खानेपानीका स्रोतहरूमा कमी, सिँचाइ सुविधाको अभाव तथा कृषि उत्पादनमा प्रतिकूल प्रभाव परेको सन्दर्भमा सौर्य ऊर्जामा आधारित खानेपानी तथा सिँचाइ प्रणाली (Solar Lift System) दिगो तथा वातावरणमैत्री विकल्पका रूपमा स्थापित हुँदै गएको छ। जलवायु उत्थानशील भू-परिधी तथा जीविकोपार्जन आयोजना अन्तर्गत निर्माण भएका तथा निर्माण हुने सौर्य लिफ्ट खानेपानी तथा सिँचाइ योजनाहरूको प्रभावकारी सञ्चालन, मर्मतसम्भार तथा दिगोपना सुनिश्चित गर्न प्रदेशस्तरीय आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PPCMU) मार्फत कार्यक्रम कार्यान्वयन इकाई, स्थानीय तह, उपभोक्ता समिति तथा सम्बन्धित सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले यो तालिम सञ्चालन गरिनेछ।

**उद्देश्य**

सौर्य ऊर्जामा आधारित खानेपानी तथा सिँचाइ प्रणालीको योजना, सञ्चालन, मर्मतसम्भार तथा व्यवस्थापन सम्बन्धी प्राविधिक ज्ञान, सीप र क्षमता अभिवृद्धि गरी आयोजनाबाट निर्माण भएका पूर्वाधारहरूको दिगो तथा प्रभावकारी सञ्चालन सुनिश्चित गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- PPCMU ले वार्षिक स्वीकृत कार्यक्रम तथा आवश्यकता अनुसार तालिमको विषयवस्तु, कार्यतालिका र सहभागीहरूको सूची स्वीकृत गरिनेछ।
- आयोजना व्यवस्थापन सहयोग परामर्शदाता (PMSC) तथा सम्बन्धित विषयगत विज्ञहरूको सहजीकरणमा तालिम सञ्चालन गरिनेछ।
- तालिममा कार्यक्रम कार्यान्वयन इकाई (PIUs), स्थानीय तह, उपभोक्ता समिति तथा सम्बन्धित सरोकारवाला निकायका प्रतिनिधिहरूलाई सहभागी गराइनेछ।
- तालिममा सौर्य लिफ्ट प्रणालीको सञ्चालन, नियमित मर्मतसम्भार, विद्युत् तथा यान्त्रिक उपकरणको सुरक्षित प्रयोग, पानी वितरण व्यवस्थापन, सञ्चालन तथा मर्मतसम्भार (Operation and Maintenance-O&M) तथा संस्थागत व्यवस्थापन सम्बन्धी विषय समावेश गरिनेछ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

महानिर्देशक

- तालिम सम्पन्न भएपछि सहभागीहरूको मूल्याङ्कन गरी प्रतिवेदन तयार गरिने तथा प्राप्त सिकाइलाई आयोजना अन्तर्गत सञ्चालन हुने योजनाहरूमा कार्यान्वयन गरिनेछ।
- तालिम सञ्चालन होटल वा आवासीय रुपमा सञ्चालन गर्नुपर्ने भएमा खाजा, खाना र आवासका लागि सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली-२०६४ (संशोधन सहित) बमोजिम कोटेशन मार्फत वा कार्यालयको जनशक्ति मार्फत गरिनेछ ।
- तालिममा प्रशिक्षकबाट कार्य पत्र प्रस्तुत तथा आवश्यक्ता अनुसार फिल्ड अभ्यास गर्न सकिनेछ ।
- तालिममा भएका प्रस्तुतिकरण, छलफल, सुझावहरुलाई समेटी तालिम प्रतिवेदन तयार गरिनेछ ।
- तालिम प्रतिवेदन सहित आधिकारिक बिल भर्पाईका आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ ।
- विनियोजित रकम तालिमका लागि आवश्यक पर्ने सामाग्री तथा उपकरण खरिद, सहभागीका लागि दैनिक भ्रमण भत्ता, यातायात खर्च, इन्धन, होटल खर्च, खाजा, खाना, हल भाडा, प्रशिक्षक भत्ता, प्रशिक्षण सामाग्री, प्रमाणपत्र लगायतका विभिन्न शिर्षकमा स्वीकृत लागत अनुमान अनुसार खर्च गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

- यस क्रियाकलापको समन्वय प्रदेशस्तरीय आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PPCMU) ले गर्नेछ।
- तालिम सञ्चालनका लागि आयोजना व्यवस्थापन सहयोग परामर्शदाता (PMSC) अन्तर्गतका जलस्रोत, सिँचाइ तथा सौर्य प्रणाली विशेषज्ञ, PPCMU का प्राविधिक कर्मचारी, सम्बन्धित कार्यक्रम कार्यान्वयन इकाईका प्राविधिक तथा आवश्यकतानुसार अन्य विषयगत प्रशिक्षकहरू परिचालन गरिनेछन्।

**अपेक्षित उपलब्धि**

यस तालिमबाट कार्यक्रम कार्यान्वयन निकाय, स्थानीय तह तथा उपभोक्ता समितिको सौर्य लिफ्ट खानेपानी तथा सिँचाइ प्रणाली सञ्चालन, मर्मतसम्भार तथा व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि हुनेछ। आयोजनाबाट निर्माण भएका प्रणालीहरूको नियमित सञ्चालन, दिगोपना तथा सेवा प्रवाहमा सुधार भई जलवायु उत्थानशील खानेपानी तथा सिँचाइ व्यवस्थापनमा सहयोग पुग्नेछ।

**अनुगमन योजना**

- सहभागीहरुको उपस्थिति
- तस्बिर सहितको सम्पन्न प्रतिवेदन

### ३.२७ Climate Resilient Capacity Enhancement Training

**पृष्ठभूमि**

जलवायु परिवर्तनका कारण प्राकृतिक स्रोत, जलाधार, वन, कृषि तथा जीविकोपार्जन प्रणालीमा बढ्दो जोखिम तथा असरलाई न्यूनीकरण गर्न आयोजना कार्यान्वयनमा संलग्न निकायहरूको संस्थागत तथा प्राविधिक क्षमता अभिवृद्धि आवश्यक रहेको छ। जलवायु उत्थानशील भू-परिधी तथा जीविकोपार्जन आयोजना अन्तर्गत प्रदेशस्तरीय आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PPCMU) ले कार्यक्रम कार्यान्वयन इकाईहरू, स्थानीय तह तथा अन्य सरोकारवाला निकायहरूको जलवायु परिवर्तन अनुकूलन, जलवायु उत्थानशील योजना तथा प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी ज्ञान, सीप तथा क्षमता विकास गर्ने उद्देश्यले यो तालिम सञ्चालन गर्नेछ।



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

महानिर्देशक

**उद्देश्य**

प्रदेशस्तरका कार्यक्रम कार्यान्वयन इकाई, स्थानीय तह तथा सम्बन्धित सरोकारवालाहरूको जलवायु परिवर्तन अनुकूलन, जलवायु उत्थानशील योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी प्राविधिक तथा संस्थागत क्षमता अभिवृद्धि गरी आयोजनाको प्रभावकारी, गुणस्तरीय तथा दिगो कार्यान्वयनमा सहयोग पुऱ्याउने।

**कार्यान्वयन प्रक्रिया**

- PPCMU ले वार्षिक स्वीकृत कार्यक्रम तथा आवश्यकता अनुसार तालिमको विषयवस्तु, कार्यतालिका र सहभागीहरूको सूची तयार गरी स्वीकृत गरिनेछ।
- PMSC का सम्बन्धित विज्ञ तथा आवश्यक विषयगत प्रशिक्षकहरूको सहजीकरणमा तालिम सञ्चालन गरिनेछ।
- तालिममा PPCMU, कार्यक्रम कार्यान्वयन इकाई (PIUs), स्थानीय तह तथा सम्बन्धित सरोकारवाला निकायका प्रतिनिधिहरूलाई सहभागी गराइनेछ।
- जलवायु परिवर्तन अनुकूलन, जलवायु उत्थानशील योजना, प्रकृतिमा आधारित समाधान (Nature-based Solutions), जलाधार तथा वन व्यवस्थापन, वातावरणीय तथा सामाजिक सुरक्षा (ESS) र GESI सम्बन्धी विषयमा प्रशिक्षण प्रदान गरिनेछ।
- तालिम सम्पन्न भएपछि सहभागीहरूको मूल्याङ्कन गरी प्रतिवेदन तयार गरिने तथा सिकाइलाई आयोजना कार्यान्वयनमा उपयोग गरिनेछ।
- तालिम सञ्चालन होटल वा आवासीय रुपमा सञ्चालन गर्नुपर्ने भएमा खाजा, खाना र आवासका लागि सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली-२०६४ (संशोधन सहित) बमोजिम कोटेशन मार्फत वा कार्यालयको जनशक्ति मार्फत गरिनेछ ।
- तालिममा प्रशिक्षकबाट कार्य पत्र प्रस्तुत तथा आवश्यक्ता अनुसार फिल्ड अभ्यास गर्न सकिनेछ ।
- तालिममा भएका प्रस्तुतिकरण, छलफल, सुझावहरुलाई समेटी तालिम प्रतिवेदन तयार गरिनेछ ।
- तालिम प्रतिवेदन सहित आधिकारिक बिल भर्पाईका आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ ।
- विनियोजित रकम तालिमका लागि आवश्यक पर्ने सामाग्री तथा उपकरण खरिद, सहभागीका लागि दैनिक भ्रमण भत्ता, यातायात खर्च, इन्धन, होटल खर्च, खाजा, खाना, हल भाडा, प्रशिक्षक भत्ता, प्रशिक्षण सामाग्री, प्रमाणपत्र लगायतका विभिन्न शिर्षकमा स्वीकृत लागत अनुमान अनुसार खर्च गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

- यस क्रियाकलापको समन्वय प्रदेशस्तरीय आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PPCMU) ले गर्नेछ।
- तालिम सञ्चालनका लागि आयोजना व्यवस्थापन सहयोग परामर्शदाता (PMSC) अन्तर्गतका सम्बन्धित विषयगत विज्ञ, PPCMU का प्राविधिक कर्मचारी तथा आवश्यकताअनुसार सम्बन्धित निकायका प्रशिक्षकहरू परिचालन गरिनेछन्।

**अपेक्षित उपलब्धि**

यस तालिमबाट कार्यक्रम कार्यान्वयन इकाई तथा स्थानीय तहका प्राविधिक जनशक्तिको जलवायु परिवर्तन अनुकूलन, जलवायु उत्थानशील योजना तथा प्राकृतिक स्रोत व्यवस्थापन सम्बन्धी ज्ञान, सीप र क्षमता

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

महानिर्देशक

अभिवृद्धि हुनेछ। साथै आयोजना कार्यान्वयनमा जलवायु उत्थानशील अवधारणाको प्रभावकारी समावेशीकरण भई कार्यक्रमको गुणस्तर, प्रभावकारिता तथा दिगोपनामा अभिवृद्धि हुनेछ।

**अनुगमन योजना**

- सहभागीहरुको उपस्थिति
- तस्बिर सहितको सम्पन्न प्रतिवेदन

**३.२८ Environmental and Social Safeguard Training**

**पृष्ठभूमि**

आयोजना अन्तर्गत सञ्चालन हुने पूर्वाधार विकास, वन तथा जलाधार व्यवस्थापन, खानेपानी, सिँचाइ, पर्यापर्यटन तथा जीविकोपार्जन प्रवर्द्धन सम्बन्धी क्रियाकलापहरू कार्यान्वयन गर्दा वातावरणीय तथा सामाजिक प्रभावहरूको उचित व्यवस्थापन गर्नु आवश्यक हुन्छ। आयोजनाको Project Administration Manual (PAM), वातावरणीय तथा सामाजिक सुरक्षा सम्बन्धी प्रावधान, नेपाल सरकारको प्रचलित कानुन तथा एसियाली विकास बैंक (ADB) का Safeguard Policy सम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न प्रदेशस्तरीय आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PPCMU) मार्फत कार्यक्रम कार्यान्वयन इकाई तथा सम्बन्धित सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले यो तालिम सञ्चालन गरिनेछ।

**उद्देश्य**

कार्यक्रम कार्यान्वयनमा संलग्न निकायहरूको वातावरणीय तथा सामाजिक सुरक्षा सम्बन्धी नीति, कानुनी व्यवस्था, मापदण्ड तथा आयोजना अन्तर्गत अवलम्बन गर्नुपर्ने सुरक्षा उपायहरूको कार्यान्वयन क्षमता अभिवृद्धि गरी आयोजना कार्यान्वयनलाई वातावरणमैत्री, सामाजिक रूपमा उत्तरदायी तथा दिगो बनाउने।

**कार्यान्वयन प्रक्रिया**

- PPCMU ले वार्षिक स्वीकृत कार्यक्रम तथा आवश्यकता अनुसार तालिमको विषयवस्तु, कार्यतालिका र सहभागीहरूको सूची स्वीकृत गरिनेछ।
- आयोजना व्यवस्थापन सहयोग परामर्शदाता (PMSC) का वातावरणीय तथा सामाजिक सुरक्षा विशेषज्ञ तथा आवश्यक विषयगत प्रशिक्षकको सहजीकरणमा तालिम सञ्चालन गरिनेछ।
- तालिममा कार्यक्रम कार्यान्वयन इकाई (PIUs), स्थानीय तह तथा सम्बन्धित सरोकारवाला निकायका प्रतिनिधिहरूलाई सहभागी गराइनेछ।
- तालिममा वातावरणीय तथा सामाजिक सुरक्षा, Screening, Impact Assessment, Environmental Management Plan (EMP), सामाजिक समावेशीकरण, गुनासो सुनुवाइ संयन्त्र (Grievance Redress Mechanism—GRM), श्रम तथा कार्यस्थल सुरक्षा, लैङ्गिक तथा सामाजिक समावेशीकरण (GESI) लगायतका विषय समावेश गरिनेछ।
- तालिम सम्पन्न भएपछि सहभागीहरूको मूल्याङ्कन गरी प्रतिवेदन तयार गरिने तथा प्राप्त सिकाइलाई आयोजना कार्यान्वयनमा लागू गरिनेछ।
- तालिम सञ्चालन होटल वा आवासीय रुपमा सञ्चालन गर्नुपर्ने भएमा खाजा, खाना र आवासका लागि सार्वजनिक खरिद ऐन-२०६३, सार्वजनिक खरिद नियमावली-२०६४ (संशोधन सहित) बमोजिम कोटेशन मार्फत वा कार्यालयको जनशक्ति मार्फत गरिनेछ ।
- तालिममा प्रशिक्षकबाट कार्य पत्र प्रस्तुत तथा आवश्यक्ता अनुसार फिल्ड अभ्यास गर्न सकिनेछ ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय ... काठमाडौं

महानिर्देशक

- तालिममा भएका प्रस्तुतिकरण, छलफल, सुझावहरुलाई समेटी तालिम प्रतिवेदन तयार गरिनेछ ।
- तालिम प्रतिवेदन सहित आधिकारिक बिल भर्पाईका आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ ।
- विनियोजित रकम तालिमका लागि आवश्यक पर्ने सामाग्री तथा उपकरण खरिद, सहभागीका लागि दैनिक भ्रमण भत्ता, यातायात खर्च, इन्धन, होटल खर्च, खाजा, खाना, हल भाडा, प्रशिक्षक भत्ता, प्रशिक्षण सामाग्री, प्रमाणपत्र लगायतका विभिन्न शिर्षकमा स्वीकृत लागत अनुमान अनुसार खर्च गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

- यस क्रियाकलापको समन्वय प्रदेशस्तरीय आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PPCMU) ले गर्नेछ।
- तालिम सञ्चालनका लागि आयोजना व्यवस्थापन सहयोग परामर्शदाता (PMSC) अन्तर्गतका वातावरणीय तथा सामाजिक सुरक्षा विशेषज्ञ, PPCMU का सम्बन्धित प्राविधिक कर्मचारी तथा आवश्यकताअनुसार अन्य विषयगत प्रशिक्षक परिचालन गरिनेछन्।

**अपेक्षित उपलब्धि**

यस तालिमबाट कार्यक्रम कार्यान्वयनमा संलग्न निकायहरूको वातावरणीय तथा सामाजिक सुरक्षा सम्बन्धी ज्ञान, सीप तथा क्षमता अभिवृद्धि हुनेछ। आयोजना अन्तर्गत सञ्चालन हुने क्रियाकलापहरूमा वातावरणीय तथा सामाजिक जोखिमको उचित व्यवस्थापन, कानुनी तथा नीतिगत प्रावधानहरूको प्रभावकारी कार्यान्वयन तथा ADB र नेपाल सरकारका वातावरणीय तथा सामाजिक सुरक्षा मापदण्डहरूको पालना सुनिश्चित हुनेछ।

**अनुगमन योजना**

- सहभागीहरुको उपस्थिति
- तस्बिर सहितको सम्पन्न प्रतिवेदन

## ३.२९ अन्तर प्रादेशिक सिकाई आदान प्रदान भ्रमण

### पृष्ठभूमि

आयोजना अन्तर्गत कर्णाली र सुदूरपश्चिम प्रदेशमा सञ्चालन भएका कार्यक्रम तथा आयोजनाबाट प्राप्त असल अभ्यास, नवीन प्रविधि, सिकाइ तथा अनुभवहरूको आदान-प्रदान गरी कार्यक्रम कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि गर्नु आवश्यक छ। विभिन्न प्रदेश तथा आयोजना कार्यान्वयन इकाईहरूमा कार्यान्वयन भएका सफल अभ्यासहरूको प्रत्यक्ष अवलोकन, अनुभव आदान-प्रदान तथा सिकाइमार्फत संस्थागत क्षमता विकास गर्ने उद्देश्यले प्रदेशस्तरीय आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PPCMU) मार्फत अन्तर प्रादेशिक सिकाइ आदान-प्रदान भ्रमण सञ्चालन गरिनेछ।

**उद्देश्य**

- आयोजना कार्यान्वयनमा संलग्न निकायहरूबीच असल अभ्यास, नवीन प्रविधि तथा अनुभवहरूको आदान-प्रदान गरी कार्यक्रम कार्यान्वयन क्षमता अभिवृद्धि गर्ने ।
- सफल अभ्यासहरूलाई आफ्ना कार्यक्रमहरूमा अवलम्बन गर्न प्रोत्साहन गर्ने ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरवार, काठमाडौं



महानिर्देशक

**कार्यान्वयन प्रक्रिया**

- PPCMU ले भ्रमणको उद्देश्य, कार्ययोजना, भ्रमणस्थल, सहभागी तथा कार्यक्रम तालिका स्वीकृत गर्ने।
- आयोजनाको कार्यक्षेत्र तथा आवश्यकता अनुसार उपयुक्त प्रदेश, आयोजना, कार्यालय वा नमूना परियोजनाको छनोट गरी भ्रमण सञ्चालन गरिनेछ।
- भ्रमणका क्रममा सफल अभ्यास, प्रविधि, सञ्चालन प्रणाली, व्यवस्थापन अनुभव तथा सिकाइका विषयमा अन्तरक्रिया, छलफल तथा स्थलगत अवलोकन गरिनेछ।
- भ्रमण सम्पन्न भएपछि सहभागीहरूबाट सिकाइ, अनुभव तथा सुधारका सुझावहरू संकलन गरी भ्रमण प्रतिवेदन तयार गरिनेछ।
- भ्रमणबाट प्राप्त असल अभ्यास तथा सिकाइलाई आयोजना कार्यान्वयनमा आवश्यकतानुसार अवलम्बन गरिनेछ।
- प्रतिवेदन सहित आधिकारिक बिल भर्पाईका आधारमा अन्तिम रकम भूक्तानी गरिनेछ ।
- विनियोजित रकम होटल खर्च, खाजा खर्च, दैनिक भ्रमण भत्ता, यातायात खर्च, इन्धन, आवश्यक सामाग्री खरिद लगायतका विभिन्न शिर्षकमा स्वीकृत लागत अनुमान अनुसार खर्च गर्न सकिनेछ ।

**जनशक्ति व्यवस्थापन**

- यस क्रियाकलापको समन्वय प्रदेशस्तरीय आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PPCMU) ले गर्नेछ।
- भ्रमणमा PPCMU, कार्यक्रम कार्यान्वयन इकाई (PIUs), सम्बन्धित मन्त्रालय, स्थानीय तह तथा आवश्यकताअनुसार आयोजना व्यवस्थापन सहयोग परामर्शदाता (PMSC) का विषयगत विज्ञहरूको सहभागिता रहनेछ।

**अपेक्षित उपलब्धि**

यस भ्रमणबाट कार्यक्रम कार्यान्वयनमा संलग्न जनशक्तिको ज्ञान, सीप तथा अनुभवमा अभिवृद्धि हुनेछ। प्रदेशहरूबीच असल अभ्यास तथा नवीन प्रविधिको आदान-प्रदान भई आयोजना कार्यान्वयनमा एकरूपता, गुणस्तर तथा प्रभावकारिता अभिवृद्धि हुनेछ। साथै सिकाइका आधारमा आयोजना कार्यान्वयनमा सुधार तथा नवप्रवर्तनलाई प्रोत्साहन पुग्नेछ।

**अनुगमन योजना**

- सहभागीहरुको उपस्थिति
- तस्बिर सहितको सम्पन्न प्रतिवेदन

**३.३० पार्श्वचित्र तयारी (Activity Profile)**

**पृष्ठभूमि**

जलवायु उत्थानशील भू-परिधी तथा जीविकोपार्जन आयोजना अन्तर्गत सञ्चालन भएका कार्यक्रम तथा क्रियाकलापहरूको उपलब्धि, सिकाइ, प्रभाव तथा असल अभ्यासलाई व्यवस्थित रूपमा अभिलेखीकरण गरी भावी योजना तर्जुमा, अनुगमन, मूल्याङ्कन तथा ज्ञान व्यवस्थापनमा उपयोग गर्न प्रत्येक कार्यक्रम कार्यान्वयन इकाई (PIU) बाट वार्षिक रूपमा Activity Profile (पार्श्वचित्र) तयार गर्नु आवश्यक हुन्छ। यसले आयोजना



महानिर्देशक

कार्यान्वयनको अवस्था, उपलब्धि तथा सिकाइलाई दस्तावेजीकरण गरी संस्थागत ज्ञान व्यवस्थापनमा योगदान पुऱ्याउनेछ।

### उद्देश्य

आयोजना अन्तर्गत सम्पन्न भएका वार्षिक क्रियाकलापहरूको तथ्यपरक विवरण, उपलब्धि, सिकाइ, चुनौती तथा असल अभ्यासलाई अभिलेखीकरण गरी आगामी योजना तर्जुमा, अनुगमन तथा ज्ञान व्यवस्थापनका लागि Activity Profile तयार गर्ने।

### कार्यान्वयन प्रक्रिया

- प्रत्येक कार्यक्रम कार्यान्वयन इकाई (PIU) ले आर्थिक वर्ष भर सम्पन्न भएका स्वीकृत कार्यक्रम तथा क्रियाकलापहरूको विवरण, उपलब्धि, फोटो, तथ्याङ्क तथा आवश्यक अभिलेख संकलन गरिनेछ।
- स्वीकृत ढाँचा तथा आयोजना निर्देशिका बमोजिम Activity Profile तयार गरी आवश्यक प्राविधिक प्रमाणीकरण पश्चात् सम्बन्धित प्रदेशस्तरीय आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PPCMU) तथा आयोजना समन्वय तथा व्यवस्थापन इकाई (PCMU) मा एक- एक प्रति पेश गरिनेछ।
- प्रत्येक कार्यक्रम कार्यान्वयन इकाईले सम्पन्न आर्थिक वर्षको Activity Profile आगामी आर्थिक वर्षको पहिलो त्रैमासिक भित्र अनिवार्य रूपमा तयार गरी पेश गरिनेछ।

### जनशक्ति व्यवस्थापन

- यस क्रियाकलापको कार्यान्वयन सम्बन्धित कार्यक्रम कार्यान्वयन इकाई (PIU) ले गर्नेछ।
- Activity Profile तयार गर्ने कार्यमा कार्यालय प्रमुख, सम्बन्धित प्राविधिक कर्मचारी, योजना तथा अनुगमनमा संलग्न कर्मचारी तथा आवश्यकताअनुसार आयोजना व्यवस्थापन सहयोग परामर्शदाता (PMSC) का विषयगत विज्ञहरूको प्राविधिक सहयोग लिन सकिनेछ।
- PPCMU ले आवश्यक समन्वय, सहजीकरण तथा प्राविधिक मार्गदर्शन प्रदान गर्नेछ।

### अपेक्षित उपलब्धि

प्रत्येक कार्यक्रम कार्यान्वयन इकाईबाट सम्पन्न वार्षिक क्रियाकलापहरूको Activity Profile समयमै तयार भई आयोजना उपलब्धि, सिकाइ, चुनौती तथा असल अभ्यासहरूको व्यवस्थित अभिलेखीकरण हुनेछ। यसबाट आगामी योजना तर्जुमा, अनुगमन, मूल्याङ्कन, प्रतिवेदन तथा ज्ञान व्यवस्थापन प्रणाली थप प्रभावकारी हुनेछ।

### अनुगमन योजना

- प्रकाशित प्रतिवेदन

## ३.३१ पूँजीगत परामर्श व्यक्ति करार

### पृष्ठभूमि

कर्णाली र सुदूरपश्चिम प्रदेशका PPCMU अन्तर्गतका आयोजना कार्यान्वयन इकाईहरू (PIUs) ले आयोजनाका गतिविधिहरूको कार्यान्वयन सन्दर्भमा सहयोग पुऱ्याउनका लागि जम्मा २४ जना व्यक्तिगत परामर्शदाताहरू (ईन्जिनियर -१, सब-ईन्जिनियर - १४ र रेञ्जर - ९) को व्यक्ति करार (नयाँ भर्ना तथा निरन्तरता) खरिद गर्नेछन् । PIU हरूद्वारा खरिद गरिनुपर्ने (नयाँ भर्ना तथा निरन्तरता) व्यक्तिगत परामर्शदाताहरूको विवरण



नेपाल सरकार
वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

परियोजनाको स्वीकृत खरिद योजनामा उल्लिखित रूपमा देखाइएको छ । साथै कार्यरत व्यक्तिगत परामर्शदाताले कार्यक्रम कार्यान्वयन इकाईहरूलाई प्राविधिक सहयोग प्रदान गरिरहेको छ। यस क्रियाकलाप अन्तर्गत आ.व. २०८३/८४ मा सम्झौतामा उल्लेख भएबमोजिम परामर्श सेवा परिचालन तथा भुक्तानी गरिनेछ।

**उद्देश्य**

सम्बन्धित व्यक्तिगत परामर्शदाताहरूले तोकिएको PIU लाई आयोजना कार्यान्वयनमा आवश्यक सर्वेक्षण, डिजाइन, निर्माण सुपरिवेक्षण तथा सम्झौता व्यवस्थापनका कार्यहरूमा प्राविधिक सहयोग उपलब्ध गराई आयोजनाको गुणस्तरीय, प्रभावकारी तथा समयबद्ध कार्यान्वयन सुनिश्चित गर्ने।

**कार्यान्वयन प्रक्रिया**

- सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) अन्तर्गत तोकिएको सक्षम सार्वजनिक निकायबाट लागत अनुमान, Terms of Reference - ToR र मूल्यांकन मापदण्डहरूको स्वीकृति प्राप्त गरी दाता निकाय एशियाली विकास बैंक (ADB) को Consultant Management System (CMS) मार्फत अभिरुचि अभिव्यक्ति (Expression of Interest - EOI) सम्बन्धी परामर्श सेवा भर्ती सूचना (Consulting Services Recruitment Notice-CSRN) प्रकाशन गरिनेछ।
- CMS मार्फत CSRN (EOI) प्रकाशन गरिनेछ।
- स्वीकृत मूल्यांकन मापदण्डका आधारमा परामर्शदाताहरूको सूचीकृत (Shortlisting) गर्ने, Submission १ (शीर्ष तीन परामर्शदाताहरूको सूची तथा प्रारम्भिक सम्झौता मस्यौदा) तयार गर्ने र ADB मा समीक्षाका लागि पेश गरिनेछ।
- ADB द्वारा Submission १ को समीक्षा, स्वीकृति तथा सम्झौता वार्ता र No Objection Certificate (NOC) जारी गरिनेछ।
- चयन गरिएको परामर्शदातासँग सम्झौता वार्ता गर्ने, सम्झौतामा हस्ताक्षर गर्ने र हस्ताक्षरित सम्झौता पत्रको प्रतिलिपि Submission २ को रूपमा ADB मा अभिलेखका लागि पेश गरिनेछ।
- नयाँ तथा कार्यरत व्यक्तीगत परामर्शदाता सँग भएको सम्झौता तथा स्वीकृत कार्ययोजना बमोजिम PIUs अन्तर्गत जनशक्ति परिचालन गरिनेछ।
- सम्झौता बमोजिम कार्यसम्पादन सन्तोषजनक भए पश्चात् प्रमाणित कार्यसम्पादनका आधारमा परामर्श सेवा भुक्तानी गरिनेछ।

**जनशक्ति व्यवस्थापन**

व्यक्तिगत परामर्शदाताहरूको विवरण (स्वीकृत खरिद योजना अनुसार) यस प्रकार रहेको छ :

| क्र.सं. | सम्बन्धित PIUs | PPCMUs | व्यक्तिगत परामर्शदाताहरू |
|---|---|---|---|
| १ | WRIDSDO, बाजुरा | PPCMU, सुदूरपश्चिम | सब-ईन्जिनियर -१ |
| २ | WRIDDO, बझाङ्ग | PPCMU, सुदूरपश्चिम | सब-ईन्जिनियर -१ |
| ३ | WSSDO, डडेल्धुरा | PPCMU, सुदूरपश्चिम | सब-ईन्जिनियर -१ |
| ४ | WSSDO, डोटी | PPCMU, सुदूरपश्चिम | सब-ईन्जिनियर -१ |



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

महानिर्देशक

| | | | |
|---|---|---|---|
| ५ | WSIEDO, सल्यान | PPCMU, कर्णाली | सब-ईन्जिनियर -१ |
| ६ | WSIEDO, रुकुम पश्चिम | PPCMU, कर्णाली | सब-ईन्जिनियर -१ |
| ७ | WSIEDO, मुगु | PPCMU, कर्णाली | सब-ईन्जिनियर -१ |
| ८ | SWMO, सुर्खेत | PPCMU, कर्णाली | सब-ईन्जिनियर -१, रेञ्जर -१ |
| ९ | SWMO, जुम्ला | PPCMU, कर्णाली | सब-ईन्जिनियर -१, रेञ्जर -१ |
| १० | SWMO, डडेल्धुरा | PPCMU, सुदूरपश्चिम | सब-ईन्जिनियर -१, रेञ्जर -१ |
| ११ | SWMO, डोटी | PPCMU, सुदूरपश्चिम | सब-ईन्जिनियर -१, रेञ्जर -१ |
| १२ | DFO, सल्यान | PPCMU, कर्णाली | सब-ईन्जिनियर -१, रेञ्जर -१ |
| १३ | DFO, रुकुम पश्चिम | PPCMU, कर्णाली | सब-ईन्जिनियर -१, रेञ्जर -१ |
| १४ | DFO, मुगु | PPCMU, कर्णाली | रेञ्जर -१ |
| १५ | DFO, बाजुरा | PPCMU, सुदूरपश्चिम | रेञ्जर -१ |
| १६ | DFO, बझाङ्ग | PPCMU, सुदूरपश्चिम | रेञ्जर -१ |
| १७ | PTDPIU, धनगढी | PPCMU, सुदूरपश्चिम | ईन्जिनियर -१, सब-ईन्जिनियर -१ |

**अपेक्षित उपलब्धि**

सम्बन्धित व्यक्तिगत परामर्शदाताहरूले तोकिएको PIU लाई सर्वेक्षण, डिजाइन, निर्माण सुपरिवेक्षण तथा सम्झौता व्यवस्थापनका कार्यहरूमा प्राविधिक सहयोग प्रदान गरेको हुनेछ।